
# गण्डकी प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

## अर्धवार्षिक प्रतिवेदन
(आर्थिक वर्ष २०८१/८२)




नेपाल राष्ट्र बैंक
पोखरा कार्यालय
२०८२ जेठ

# प्राक्कथन

नेपाल राष्ट्र बैंकले तथ्यमा आधारित नीति निर्माणका लागि आर्थिक, वित्तीय र मौद्रिक क्षेत्रको तथ्याङ्क समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन नियमितरुपमा प्रकाशन गर्दै आएको छ । मुलुक संघीय संरचनामा गएपश्चात् प्रादेशिकरुपमा आर्थिक गतिविधि अध्ययन तथा विश्लेषण आवश्यक भएवमोजिम आर्थिक वर्ष २०७६/७७ देखि पोखरा कार्यालयले समेत गण्डकी प्रदेशको आर्थिक गतिविधि समेटी यस्तो प्रतिवेदन प्रकाशन गर्दै आएको छ ।

बैंकले गर्ने अध्ययन अनुसन्धानका लागि कृषि, उद्योग र सेवा क्षेत्रका निकायबाट आवश्यक तथ्याङ्क तथा विवरण संकलन/प्रशोधन गर्ने गर्दछ । नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयले तर्जुमा गरेको गण्डकी प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा प्रदेशका प्रमुख आर्थिक गतिविधि समावेश गरिएको छ । नेपाल राष्ट्र बैंक, आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९) मा आधारित भई गण्डकी प्रदेशका ११ जिल्ला (कास्की, तनहुँ, लमजुङ, गोरखा, म्याग्दी, बाग्लुङ, स्याङ्जा, पर्वत, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), मनाङ र मुस्ताङ) मा सम्पन्न सर्वेक्षणका आधारमा प्रतिवेदन तर्जुमा गरिएको छ ।

यस प्रदेश अन्तर्गतका सबै ११ जिल्लामा भएका कृषिबाली तथा पशुपन्छीको उत्पादन, मत्स्यपालन, सिँचाई, वन, औद्योगिक उत्पादन तथा उत्पादकत्व, बैंकिङ तथा वित्तीय सेवा र सञ्जालको अवस्था, पूर्वाधारको विद्यमान अवस्था र ती क्षेत्रहरूमा रहेका चुनौती तथा सम्भावनालाई समेटी आर्थिक वर्ष २०८१/८२ को प्रथम छ महिनाको अर्धवार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पारिएको छ ।

जिल्लास्थित विभिन्न सरकारी कार्यालय, सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा समग्र प्रदेशको आर्थिक अवस्था प्रस्तुत गरिएको छ । सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् स्थलगत अध्ययन समेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा परिदृश्य उल्लेख गरिएको छ । यसका अतिरिक्त गण्डकी प्रदेशका राष्ट्रिय गौरव तथा रुपान्तरणकारी आयोजनाको पछिल्लो प्रगति विवरण समेत प्रतिवेदनमा समावेश गरिएको छ ।

प्रस्तुत अध्ययन प्रतिवेदन गण्डकी प्रदेश सरकार लगायत सरोकारवालालाई उपयोगी हुने विश्वास लिएको छु । प्रतिवेदन तयार पार्न आवश्यक सूचना, विवरण र तथ्याङ्क उपलब्ध गराई सहयोग पुर्‍याउने सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था र उद्योगी/व्यवसायीप्रति आभार व्यक्त गर्दछु । प्रतिवेदन तर्जुमा गर्ने कार्यमा योगदान गर्नु हुने नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयका उप-निर्देशक श्री रामकुमार कार्की, सहायक निर्देशक श्री दल बहादुर थापा, श्री पुर्ण बहादुर मौराती, श्री विक्रम बुढाथोकी र श्री अञ्जना जोशी, प्रधान सहायक श्री ध्रुवप्रसाद पोखरेल र श्री याम बहादुर रानाभाट तथा सहायक श्री शुसिल पोखरेल र श्री हिमा पाण्डेलाई धन्यवाद ज्ञापन गर्दछु ।

**दिपकराज लामिछाने**
**निर्देशक**

# विषय सूची


| शीर्षक | | | पेज नं. |
|---|---|---|---|
| **आवरण पृष्ठ** | | | |
| **प्राक्कथन** | | | **(क)** |
| **विषय सूची** | | | **(ख)** |
| **तालिका सूची** | | | **(घ)** |
| **चार्ट सूची** | | | **(ङ)** |
| **सारांश** | | | **(च)** |
| **परिच्छेद-१** | **अध्ययन परिचय** | | **१** |
| | १.१ | पृष्ठभूमि | १ |
| | १.२ | प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन | १ |
| | १.३ | अध्ययनको सीमा | २ |
| | १.४ | अध्ययन प्रतिवेदनको ढाँचा | २ |
| **परिच्छेद-२** | **प्रदेशको तुलनात्मक स्थिति** | | **३** |
| | २.१ | राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| | २.२ | अन्तरप्रदेश तुलना | ३ |
| | २.३ | प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | ४ |
| **परिच्छेद-३** | **कृषि क्षेत्र** | | **६** |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| | ३.२ | कृषि उत्पादन | ८ |
| | ३.३ | पशुपंछी तथा माछा उत्पादन | १० |
| | ३.४ | वनजन्य उत्पादन | ११ |
| | ३.५ | सिंचाई | १२ |
| | ३.६ | जिल्लागत कृषि कर्जा | १४ |
| | ३.७ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १५ |
| **परिच्छेद-४** | **उद्योग क्षेत्र** | | **१७** |
| | ४.१ | उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी | १७ |
| | ४.२ | क्षेत्रगत औद्योगिक कर्जा | १८ |
| | ४.३ | औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | १९ |
| **परिच्छेद-५** | **सेवा क्षेत्र** | | **२०** |
| | ५.१ | पर्यटन | २० |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २१ |
| | ५.३ | वित्तीय सेवा | २१ |
| | ५.४ | यातायात सेवा | २४ |
| | ५.५ | सेवा क्षेत्र कर्जा | २५ |
| | ५.६ | सहुलियतपूर्ण कर्जा | २५ |
| | ५.७ | सहकारी | २६ |

| | | |
|---|---|---|
| | ५.८ सेवा क्षेत्रका चुनौती र सम्भावना | २६ |
| **परिच्छेद-६** | **पूर्वाधार र रोजगारी** | **२८** |
| | ६.१ पूर्वाधार क्षेत्र | २८ |
| | ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | २९ |
| | ६.३ रोजगारी | ३० |
| | ६.४ रोजगारीका चुनौती र सम्भावना | ३१ |
| **परिच्छेद-७** | **संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना** | **३३** |
| | ७.१ गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम | ३३ |
| | ७.२ स्थानीय तहको बजेट तथा कार्यक्रम | ३४ |
| | ७.३ व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम | ३५ |
| **परिच्छेद-८** | **आर्थिक परिदृश्य** | **३७** |
| | ८.१ कृषि उत्पादन | ३७ |
| | ८.२ औद्योगिक उत्पादन | ३७ |
| | ८.३ सेवा क्षेत्र | ३८ |
| | ८.४ पूर्वाधार क्षेत्र | ३८ |

# तालिका सूची


| शीर्षक | पेज नं. |
|---|---|
| तालिका २.१: प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा) | ३ |
| तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| तालिका ३.२: कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत) | ८ |
| तालिका ३.३: कृषि बालीको उत्पादन | ८ |
| तालिका ३.४: कृषि बालीको उत्पादन (जिल्लागत) | १० |
| तालिका ३.५: प्रमुख पशुपंछी तथा माछा उत्पादन | १० |
| तालिका ३.६: प्रमुख पशुपंछीजन्य उत्पादन (जिल्लागत) | ११ |
| तालिका ३.७: वनजन्य उत्पादन | ११ |
| तालिका ३.८: काठको उत्पादन (जिल्लागत) | १२ |
| तालिका ३.९: खेतीयोग्य तथा सिंचित भूभागको क्षेत्रफल | १३ |
| तालिका ३.१०: खेतीयोग्य तथा सिंचित भूभागको क्षेत्रफल (जिल्लागत) | १४ |
| तालिका ३.११: जिल्लागत कृषि कर्जा | १४ |
| तालिका ४.१: औद्योगिक उत्पादन | १८ |
| तालिका ४.२: क्षेत्रगत औद्योगिक कर्जा | १८ |
| तालिका ५.१: पर्यटकको आगमन | २० |
| तालिका ५.२: हवाई सेवा | २१ |
| तालिका ५.३: सार्वजनिक निर्माण तथा रियलस्टेट | २१ |
| तालिका ५.४: बैंक तथा वित्तीय संस्थाको जिल्लागत उपस्थिति | २२ |
| तालिका ५.५: गण्डकी प्रदेशको निक्षेप तथा कर्जाको विवरण | २२ |
| तालिका ५.६: जिल्लागत निक्षेप तथा कर्जा | २३ |
| तालिका ५.७: वित्तीय उपकरण प्रयोगकर्ताको विवरण | २३ |
| तालिका ५.८: परिवर्त्य विदेशी मुद्रा खरिद विवरण | २४ |
| तालिका ५.९: विदेशी मुद्रा सटही इजाजतपत्रप्राप्त संस्था | २४ |
| तालिका ५.१०: गण्डकी प्रदेशमा यातायात सेवा | २५ |
| तालिका ५.११: जिल्लागत सेवाक्षेत्र कर्जा | २५ |
| तालिका ५.१२: सहुलियतपूर्ण कर्जा | २६ |
| तालिका ५.१३: सहकारी सेवा | २६ |
| तालिका ६.१: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारको विवरण | ३१ |
| तालिका ७.१: गण्डकी प्रदेश सरकारको खर्चको स्थिति | ३३ |
| तालिका ७.२: गण्डकी प्रदेश सरकारको स्रोत परिचालनको स्थिति | ३४ |
| तालिका ७.३: आ.व.२०८१ मंसिर मसान्तसम्मको जीवनरक्षा कर्जाको विवरण | ३५ |
| तालिका ७.४: व्यवसाय जीवनरक्षा कर्जाको ब्याज शोधभर्ना रकमको विवरण | ३६ |

# चार्ट सूची

**शीर्षक**


| | |
|---|---|
| चार्ट २.१: प्रादेशिक आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | ४ |
| चार्ट ३.१: प्रमुख कृषि उपजले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा) | ७ |
| चार्ट ३.२: प्रमुख कृषि बालीको उत्पादन (हजार मे.टनमा) | ९ |
| चार्ट ३.३: सिंचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा) | १२ |
| चार्ट ४.१: प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग | १७ |
| चार्ट ५.१: गण्डकी प्रदेशको निक्षेप तथा कर्जाको विवरण (रु. अर्वमा) | २२ |
| चार्ट ७.१: गण्डकी प्रदेश सरकारको बजेट विनियोजनको स्थिति | ३३ |
| चार्ट ७.२: पाँच स्थानीय तहको बजेट विनियोजनको स्थिति | ३५ |
| चार्ट ७.३: जिल्लागत रुपमा व्यवसाय जीवनरक्षा कर्जा लगानी रकम | ३६ |

# सारांश

## समष्टिगत स्थिति

१. राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मुल्यमा ४.६१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । गत आर्थिक वर्ष २०८०/८१ मा यस्तो वृद्धिदर ३.६७ प्रतिशत रहेको संशोधित अनुमान छ ।

२. आर्थिक वर्ष २०८१/८२ को कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २५.६ प्रतिशत, १२.४ प्रतिशत र ६२ प्रतिशत रहने राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक अनुमान छ ।

३. आर्थिक वर्ष २०८१/८२ मा गण्डकी प्रदेशको आर्थिक वृद्धि ५.५१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । आर्थिक वर्ष २०८१/८२ को गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २७.८ प्रतिशत, १६.४ प्रतिशत र ५५.८ प्रतिशत हुने राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुमान छ ।

## कृषि क्षेत्र

४. आर्थिक वर्ष २०८१/८२ को प्रथम अर्धवार्षिक अवधिमा गण्डकी प्रदेशमा प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको सोही अवधिको तुलनामा करिव २.०८ प्रतिशतले ह्रास आई ३ लाख ८१ हजार ८३० हेक्टर कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ८.३५ प्रतिशतले घटेको थियो ।

५. आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तमा गण्डकी प्रदेशमा तरकारीले ढाकेको क्षेत्रफल ७.८५ प्रतिशत र मसलाबालीले ढाकेको क्षेत्रफल २.७ प्रतिशतले ह्रास आएको छ भने फलफूलले ढाकेको क्षेत्रफल ०.८७ प्रतिशतले वृद्धि भएको छ ।

६. यस प्रदेशको कृषि उपजले ढाकेको कुल क्षेत्रफलको ८९.४० प्रतिशत प्रमुख खाद्य तथा अन्न बाली, ४.५७ प्रतिशत तरकारी, ४.०८ प्रतिशत फलफूल तथा १.७३ प्रतिशत मसला लगाइएको क्षेत्रफल रहेको छ ।

७. समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन ७.९८ प्रतिशत र मसलाको उत्पादन २.६६ प्रतिशतले ह्रास आएको छ । प्रदेशमा तरकारीको उत्पादन २.११ प्रतिशत र फलफूलको उत्पादन १.४२ प्रतिशतले वृद्धि भएको छ ।

८. पशुजन्य उत्पादनतर्फ दुध र मासुको उत्पादन क्रमशः ०.९४ प्रतिशत र ०.४० प्रतिशतले वृद्धि भएको छ भने माछा र अण्डाको उत्पादन क्रमशः २.३६ प्रतिशत र १.८९ प्रतिशतले ह्रास भएको छ । वनजन्य उत्पादनतर्फ काठको उत्पादनमा ४६.२८ प्रतिशतको वृद्धि भएको छ ।

९. २०८१ पुस मसान्तमा गण्डकी प्रदेशमा बैंक तथा वित्तीय संस्थाबाट कृषि क्षेत्रमा रु.२६ अर्ब २ करोड कर्जा लगानी भएको छ । सो रकम यस प्रदेशमा प्रवाहित कुल कर्जाको ७.४४ प्रतिशत रहेको छ ।

## उद्योग क्षेत्र

१०. समीक्षा अवधिमा अध्ययनमा समेटिएका उद्योगको औसत उत्पादन क्षमता उपयोग ४०.८५ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा ती उद्योगको क्षमता उपयोग ४१.२६ प्रतिशत रहेको थियो ।

११. समीक्षा अवधिमा ओइन्टमेन्ट औषधी, चाउचाउ, वियर, ड्राई सिरप औषधी, चुरोट, तोरीको तेल र प्रशोधित दुधको उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा वृद्धि भएको देखिएको छ भने

क्यापसुल औषधी, ईट्टा, ट्याब्लेट औषधी, चकलेट, सिमेन्ट, लिक्विड औषधी र विस्कुट लगायतका वस्तुको उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा घटेको छ ।

१२. २०८१ पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जाको ८.१८ प्रतिशत अर्थात् रु.२८ अर्ब ६२ करोड औद्योगिक क्षेत्रतर्फ प्रवाह गरेका छन् ।

## सेवा क्षेत्र

१३. समीक्षा अवधिमा यस प्रदेशमा पर्यटक आगमन २ प्रतिशतले ह्रास आएको छ भने हवाई यात्रुको आगमन ०.९ प्रतिशतले वृद्धि भएको छ ।

१४. वित्तीय क्षेत्रतर्फ, २०८१ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन र कर्जा लगानी गत वर्षको सोही अवधिको तुलनामा क्रमशः ११.३५ प्रतिशत र ११.९७ प्रतिशतले वृद्धि भएको छ ।

## पूर्वाधार र रोजगारी

१५. कालीगण्डकी करिडोर अन्तर्गतको मालढुङ्गा-राम्दी-गैडाकोट खण्डको निर्माण कार्यको भौतिक प्रगति करिब ६८ प्रतिशत तथा वित्तीय प्रगति ६४ प्रतिशत रहेको छ । बेनी-जोमसोम खण्डको भौतिक प्रगति ८४ प्रतिशत तथा वित्तीय प्रगति ८१ प्रतिशत रहेको छ । तनहुँ जलविद्युत आयोजनाको भौतिक प्रगति ६५ प्रतिशत तथा वित्तीय प्रगति ५२ प्रतिशत प्रतिशत रहेको छ ।

# परिच्छेद १

# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले मूल्य स्थिति, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, कर्जा विस्तार तथा विदेशी विनिमयजस्ता विषयमा तथ्याङ्क सङ्कलन, प्रशोधन, अध्ययन तथा विश्लेषण गरी नियमितरुपमा प्रतिवेदन प्रकाशित गर्दै आएको छ । यसै क्रममा कृषि, उद्योग, सेवा तथा पुर्वाधार लगायतका क्षेत्रमा भएका आर्थिक गतिविधिलाई समेटी "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (पहिलो संशोधन २०७९)" मा आधारित रही प्रादेशिकरुपमा अर्ध-वार्षिक तथा वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको छ ।

देशमा संघीयता कार्यान्वयनमा आएपश्चात् आर्थिक वर्ष २०७६/७७ देखि नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट गण्डकी प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको छ । गण्डकी प्रदेशका कास्की, स्याङ्जा, तनहुँ, लमजुङ, गोरखा, बाग्लुङ, म्याग्दी, मनाङ, मुस्ताङ, पर्वत र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गरी ११ जिल्लाको कृषि, उद्योग, सेवा, पूर्वाधार, रोजगारी तथा प्रदेश सरकारको वित्त स्थितिसँग सम्बन्धित तथ्याङ्क सङ्कलन, प्रशोधन, अध्ययन र विश्लेषण गरी प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

यस "गण्डकी प्रदेशको आर्थिक वर्ष २०८१/८२ को अर्धवार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन" २०८१ साउनदेखि २०८१ पुस मसान्तसम्मको आर्थिक तथ्याङ्कका आधारमा तयार गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन

आर्थिक वर्ष २०८१/८२ को अर्धवार्षिक अवधिमा गण्डकी प्रदेशका ११ वटै जिल्ला समावेश गरी कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्र सम्बन्धी प्रगति विवरण, सम्भावना, चुनौती एवम् आगामी परिदृष्य प्रतिवेदनमा समावेश गरिएको छ । यस प्रदेशका तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायमा गरिएको स्थलगत सर्वेक्षणको आधारमा प्रतिवेदन तयार गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा गण्डकी प्रदेशको अवस्थिति र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण समेत समावेश गरिएको छ ।

यस प्रतिवेदनमा उल्लेख गरिएका तथ्याङ्क तथा सूचना प्राथमिक तथा द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । अधिकांश तथ्याङ्क तथा सूचना प्रदेशमा रहेका सम्बन्धित कार्यालयको स्थलगत भ्रमण, टेलिफोन अन्तर्वार्ता तथा इमेलमार्फत् सङ्कलन गरिएको छ । कृषि सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट सङ्कलन गरिएको छ भने सिँचाइ सम्बन्धी विवरण जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयबाट सङ्कलन गरिएको छ । त्यस्तै, मुख्य खाद्य बाली सम्बन्धी तथ्याङ्क नेपाल राष्ट्र बैंक अनुसन्धान विभागमार्फत् लिइएको छ । उल्लेखित निकायबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिँचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन लगायतका तथ्याङ्क सङ्कलन गरिएको छ ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमुना छनौटमा परेका १४ वटा उद्योगको स्थलगत सर्वेक्षणबाट सङ्कलन गरिएको छ । बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा लगायतका तथ्याङ्क आर्थिक अनुसन्धान विभागमार्फत् प्राप्त गरिएको छ । साथै, मालपोत कार्यालयको

घरजग्गा रजिष्ट्रेशन संख्या र सो बापतको राजश्व रकम नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागमार्फत् सङ्कलन गरिएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमुना छनौटमा परेका १० होटलको स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ । घरजग्गा नक्सापास तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाबाट तथा यातायाततर्फ सवारी संख्या सम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न प्रदेशका १० वटा बचत तथा ऋण सहकारी संस्थाको नमुना छनौट गरी विवरण सङ्कलन गरिएको छ ।

पूर्वाधार क्षेत्र अन्तर्गत यस प्रदेशमा रहेका राष्ट्रिय गौरवका आयोजना सम्बन्धी विवरण सम्बन्धित सरकारी कार्यालयबाट लिइएको छ ।

## १.३ अध्ययनको सीमा

यस अध्ययनका सीमा देहाय वमोजिम रहेका छन ।

१. प्रदेशका तथ्याङ्क प्रदायक निकायवाट प्राप्त तथ्याङ्कमा आधारित भएर प्रतिवेदन तयार गरिएको छ ।

२. यस प्रदेशमा रहेका उद्योग, होटल र सहकारीमध्ये नमुना छनौटमा परेका १४ उद्योग, १० होटल र १० सहकारीको तथ्याङ्क सङ्कलन गरी प्रतिवेदन तयार गरिएको छ ।

३. यस प्रदेशस्थित ५ वटा ठूला स्थानीय तहको मात्र बजेट एवम् कार्यक्रम समावेश गरिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

प्रतिवेदन नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९) बमोजिम तयार पारिएको छ । यस प्रतिवेदनमा ८ परिच्छेद रहेका छन् । परिच्छेद १ मा अध्ययन परिचय प्रस्तुत गर्दै प्रतिवेदन तर्जुमाको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा गण्डकी प्रदेशको अन्य प्रदेशसँग तुलनात्मक स्थिति र राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत योगदान प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारीको विवरण समावेश गरिएको छ । परिच्छेद ७ मा संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजनाका बारेमा उल्लेख गरिएको छ भने परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २

# प्रदेशको तुलनात्मक स्थिति

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेशको आर्थिक वृद्धिको विश्लेषण तथा कुल गार्हस्थ्य उत्पादनको अन्तर प्रदेश तुलना गरिएको छ । साथै, कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत हिस्सा, प्रदेशको जनसाङ्ख्यिक विवरण र प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती पनि समावेश गरिएको छ ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

आर्थिक वर्ष २०८१/८२ मा नेपालको कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा ३.९९ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ । देशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २५.६ प्रतिशत, १२.४ प्रतिशत र ६२.० प्रतिशत रहने अनुमान छ । त्यसैगरी, प्रतिव्यक्ति आम्दानी (Per Capita GDP) १४९६ अमेरिकी डलर रहने प्रारम्भिक अनुमान गरिएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयको विवरण अनुसार आर्थिक वर्ष २०८१/८२ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा) रु.५ खर्ब ४८ अर्ब रहने प्रारम्भिक अनुमान छ । त्यसैगरी, चालु आर्थिक वर्षमा प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर उपभोक्ता मूल्यमा ५.५१ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्ष यस्तो वृद्धिदर ४.०९ प्रतिशत रहेको थियो ।

## २.२ अन्तरप्रदेश तुलना

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरूको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०८१/८२ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३६.५२ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.१९ प्रतिशत) रहेको छ । कुल गार्हस्थ्य उत्पादनमा गण्डकी प्रदेशको योगदान ८.९८ प्रतिशत रहने प्रारम्भिक अनुमान छ ।


**तालिका २.१**
**प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा)**
**(आ.व २०८१/८२)**

| आर्थिक परिसूचक/ प्रदेश | कोशी | मधेश | बाग्मती | **गण्डकी** | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | **राष्ट्रिय** |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ९७१ | ८०४ | २२३० | **५४८** | ८६९ | २५६ | ४३० | **६१०७** |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.९ | १३.१६ | ३६.५२ | **८.९८** | १४.२३ | ४.१९ | ७.०३ | **१००** |
| आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) (प्रतिशत) | ३.३४ | ४.५ | ५.१८ | **५.५१** | ४.७ | ४.७४ | ३.३२ | **४.६१** |
| प्रतिव्यक्ति आय (अमेरिकी डलर) | १४०१ | ९३२ | २६०२ | **१६१९** | १२०१ | १०८९ | ११५३ | **१४९६** |
| कुल गार्हस्थ्य उत्पादनमा **प्राथमिक** क्षेत्रको हिस्सा(प्रतिशत) | ३४.४ | ३६.९ | १२.४ | **२७.८** | ३१.५ | ३१.७ | ३५.० | **२५.६** |
| कुल गार्हस्थ्य उत्पादनमा **द्वितीय** क्षेत्रको हिस्सा (प्रतिशत) | १५.७ | १०.५ | १०.५ | **१६.४** | १३.४ | ९.४ | १२.३ | **१२.४** |
| कुल गार्हस्थ्य उत्पादनमा **तृतीय** क्षेत्रको हिस्सा (प्रतिशत) | ४९.९ | ५२.६ | ७७.१ | **५५.८** | ५५.१ | ५८.९ | ५२.७ | **६२.०** |

*स्रोतः संशोधित अनुमान, राष्ट्रिय तथ्याङ्क कार्यालय, जेठ २०८२ ।*

त्यसैगरी, आर्थिक वर्ष २०८१/८२ मा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) सबैभन्दा बढी (५.५१ प्रतिशत) र सुदूरपश्चिम प्रदेशको सबैभन्दा कम (३.३२ प्रतिशत) हुने प्रारम्भिक अनुमान रहेको छ । आर्थिक वृद्धिदरको आधारमा यस प्रदेश प्रथम स्थानमा रहने देखिएतापनि देशको कुल गार्हस्थ्य उत्पादनमा योगदानको आधारमा पाँचौं स्थानमा रहेको छ ।

**चार्ट २.१**
**प्रादेशिक आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा)**




*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, जेठ २०८१।*

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### २.३.१ प्रादेशिक क्षमता र सम्भावना

१. यस प्रदेशको मुख्य सम्भावना रहेको क्षेत्र पर्यटन हो । विश्वका १४ उच्च हिमशिखरमध्ये ३ वटा धौलागिरी (८१६७ मि.), मनास्लु (८१६३ मि.) र अन्नपूर्ण प्रथम (८०९१ मि.) गण्डकी प्रदेशमा अवस्थित छन् । विश्वको सर्वोच्च उचाइमा रहेको तिलिचो ताल (४९१९ मि.) तथा अन्नपूर्ण, धौलागिरी र मनास्लु सर्किट ट्रेकले मनोरञ्जन, पर्वतारोहण तथा साहसिक क्षेत्रमा रमाउने विश्वका पर्यटकलाई आकर्षित गरी विदेशी मुद्रा आर्जनको स्रोतको रुपमा विकास गर्न सकिने देखिएको छ । साथै, मुक्तिनाथ, मौलाकालिका, गलेश्वरधाम, ताल बाराही, गोरखा मनकामना, बाग्लुङ कालिका लगायतका धार्मिक पर्यटकीय स्थलको थप प्रचार प्रसारले पर्यटन विकासमा थप टेवा पुग्ने देखिन्छ ।

२. मध्यपहाडी लोकमार्ग, कालीगण्डकी करिडोर लगायत अन्य सहायक मार्गको विस्तारले ग्रामीण क्षेत्रमा कृषिजन्य तथा औद्योगिक उत्पादनको लागि आन्तरिक तथा बाह्य बजारको विस्तार गर्न सकिने देखिएको छ । कालीगण्डकी करिडोर सडकमार्गबाट चीन र भारतसँग सोझै सम्बन्ध कायम हुने भएकोले पर्यटन तथा व्यापार वृद्धि हुने तथा आर्थिक गतिविधि विस्तारमा उल्लेख्य प्रगति हासिल हुने देखिन्छ ।

३. गण्डकी प्रदेशमा प्राविधिक र आर्थिकरुपले १२,९३० मेगावाट जलविद्युत उत्पादन क्षमता रहेकोमा हालसम्म ९३३ मेगावाट मात्र जलविद्युत उत्पादन भएकाले थप जलविद्युत उत्पादन गर्न सक्ने प्रचुर सम्भावना रहेको छ । गण्डकी प्रदेश सरकार, प्रदेश आर्थिक सर्वेक्षण, २०८१ अनुसार उच्च हिमाली तथा पहाडी जिल्लामा सौर्य र वायु ऊर्जा उत्पादनको सम्भावना रहेको छ । ऊर्जालाई प्रदेश समृद्धिको संवाहक बनाउन ठूला जलाशययुक्त जलविद्युत परियोजना, सौर्य र वायु ऊर्जा परियोजना विकास गरी विद्युत उत्पादन बढाउन सकिने देखिन्छ ।

४. कृषितर्फ, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका सुपरजोन, जोन, ब्लक तथा पकेट क्षेत्र कार्यक्रमको प्रभावकारी कार्यान्वयनमार्फत् मासु तथा दुग्धजन्य पदार्थ, सुन्तला, तरकारी, स्याउ, कफीजस्ता उच्च मूल्य पर्ने कृषि उत्पादनको सम्भावना छ ।

५. पर्यटनमा अग्र स्थान रहेको यस प्रदेशमा कृषि र सेवा क्षेत्रको आवद्धता (Agro-Service Linkage) बढाई पर्यटन क्षेत्रलाई आवश्यक पर्ने कृषि उत्पादन आपूर्ति, कृषि ऋणमा पहुँच, कृषि बिमा र नयाँ प्रविधिको उपयोगमा प्रोत्साहन र कृषि पर्यटनको विकासमा जोड दिन सकिएमा यस प्रदेशमा आय-आर्जन र रोजगारी सिर्जनामा योगदान पुग्ने देखिन्छ ।

६. गण्डकी प्रदेशमा खाद्यान्न, तरकारी तथा फलफूल, पशुपंछी, माछापालन लगायतको कृषि व्यवसायको प्रचुर सम्भावना छ । पछिल्लो समयमा व्यवसायिकरुपमा सुन्तला, कफी, स्याउ तथा मौरीपालनमा कृषकको आकर्षण बढ्दै गइरहेको छ । उच्च हिमाली क्षेत्रमा पशुपालन, मध्यपहाडी क्षेत्रमा फलफूल खेती र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को तराई र मध्यभागका टारमा तरकारी तथा अन्नबाली र औद्योगिक गतिविधि विस्तार हुँदै गएको छ । यसको विस्तारमा थप विकास गर्न सकिएमा यस प्रदेशको आर्थिक विकासमा थप योगदान पुग्ने सम्भावना छ ।

७. यस प्रदेशमा विदेशबाट फर्किएका युवाको सीप, ज्ञान, पूँजी तथा उन्नत प्रविधि सहित कृषि क्षेत्रमा आकर्षण बढ्दै गएकोले कृषि क्षेत्रमा थप उत्पादकत्व र उत्पादन बढ्ने सम्भावना रहेको देखिन्छ ।

## २.३.२ प्रादेशिक चुनौती

१. गण्डकी प्रदेशका केही उच्च हिमाली जिल्ला तथा मध्य पहाडी जिल्लाबाट बसाइ/सराई हुने क्रममा तीव्रता आएकाले ती क्षेत्रमा जनसंख्या संकुचन हुँदै गएको अवस्थामा कृषि, औषधी, पशु र वनजन्य उत्पादनमा अग्र-पृष्ठ सम्बन्ध (Backward-Forward Linkage) स्थापित गरी आय आर्जन र रोजगारीको अवसर सिर्जना गर्नु चुनौतीपूर्ण छ ।

२. कृषि क्षेत्रमा थप लगानी बढाई कृषिको आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रिकीकरण तथा विविधीकरण मार्फत् एकातर्फ आन्तरिक उत्पादन अभिवृद्धि गरी आयात प्रतिस्थापन र अर्कोतर्फ कृषकको जीवनस्तर सुधार गर्ने कार्य चुनौतीपूर्ण छ ।

३. विद्यमान कृषि अनुदान व्यवस्थाको पुनरावलोकन गर्दै उत्पादन तथा प्रतिफलमा आधारित कृषि अनुदान प्रणालीको सुरुवात गर्नुका साथै, बजारीकरणको समस्या, बजारीकरणमा बहुतहको बाहुल्यता, कृषि क्षेत्रमा परम्परागत खेती प्रणालीकै निरन्तरता, निर्वाहमुखी कृषि प्रणाली, गुणस्तरीय बिउ, मल र उपकरणको अभाव, कृषि विमा व्यवस्थालाई प्रभावकारी गराउनु, युवा जनशक्ति विदेश पलायन भई कृषि क्षेत्रमा श्रम अभाव हुनु लगायतका चुनौती छन् ।

४. पर्यटन पूर्वाधार र जलविद्युत लगायतका आयोजना समयमै सम्पन्न गर्न पर्याप्त स्रोत/साधन एवम् जनशक्तिको अभाव मुख्य चुनौतीका रुपमा रहेका छन् । औद्योगिक क्षेत्रको विकास तथा विस्तारका लागि आवश्यक पूर्वाधार विकास एवम् लगानीमैत्री वातावरणको निर्माण गरी लगानी अभिवृद्धि गर्नु चुनौतीपूर्ण छ ।

# परिच्छेद ३

# कृषि क्षेत्र

गण्डकी प्रदेशमा आर्थिकरुपले सक्रिय जनसंख्याको ठूलो हिस्सा कृषिमा आश्रित रहेको छ भने कुल घरपरिवारमध्ये ८६ प्रतिशतको[१] आम्दानीको मुख्य स्रोत कृषि रहेको छ । यस परिच्छेदमा गण्डकी प्रदेशमा कृषि उपजले ढाकेको जिल्लागत र कृषि उपजगत भू-क्षेत्रको विवरण उल्लेख गर्दै जिल्लागत कृषि उत्पादनको स्थिति, सिँचाई अवस्था, कृषि क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाको विश्लेषण गरिएको छ ।

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

### ३.१.१ प्रदेशगत विवरण

पछिल्ला वर्षहरूमा गण्डकी प्रदेशमा कृषि भुभागको क्षेत्रफल निरन्तर घट्दै गएको छ । आर्थिक वर्ष २०८१/८२ पुस मसान्तमा गण्डकी प्रदेशमा प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको तुलनामा करिव २.२२ प्रतिशतले ह्रास आई ४ लाख २७ हजार ९६ हेक्टर कायम भएको छ । यस प्रदेशको कृषि उपजले ढाकेको कुल क्षेत्रफलको ८९.४० प्रतिशत प्रमुख खाद्य तथा अन्न बाली, ४.५६ प्रतिशत तरकारी, ४.०८ प्रतिशत फलफूल र १.७३ प्रतिशत मसला लगाइएको क्षेत्रफल रहेको छ ।

**तालिका ३.१**
**कृषि उपजले ढाकेको भू-क्षेत्र**

(हेक्टरमा)

| बालीको नाम | गत अवधि | | समीक्षा अवधि | | समीक्षा अवधिको परिवर्तन (प्रतिशत) |
|---|---|---|---|---|---|
| | आ.व. २०८०/८१ (साउन-पुस) | हिस्सा (प्रतिशत) | आ.व. २०८१/८२ (साउन-पुस) | हिस्सा (प्रतिशत) | |
| खाद्य, नगदे तथा अन्य बाली | ३८९,९३८.९० | ८९.२८ | ३८१,८३०.८४ | ८९.४० | -२.०८ |
| तरकारी | २१,१७६.५० | ४.८५ | १९,५१३.९६ | ४.५६ | -७.८५ |
| फलफुल | १७,२६६.९० | ३.९५ | १७,४१६.९२ | ४.०८ | ०.८७ |
| मसला | ७,६००.५० | १.७४ | ७,३९२.९९ | १.७३ | -२.७३ |
| चिया | ६४.०० | ०.०१ | ६९.०० | ०.०२ | ७.८१ |
| कफी | ७३१.१० | ०.१७ | ८७३.०० | ०.२० | १९.४१ |
| **जम्मा** | **४३६,७७७.९०** | **१००.००** | **४२७,०९६.७१** | **१००.००** | **-२.२२** |

*स्रोतः अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू ।*


### क) खाद्य, नगदे तथा अन्य बाली

आर्थिक वर्ष २०८१/८२ मा गण्डकी प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको तुलनामा करिव २.०८ प्रतिशतले ह्रास आई ३ लाख ८१ हजार ८३० हेक्टर कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ८.३५ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा फापर, गहुँ, र आलुले ढाकेको क्षेत्रफलमा क्रमशः ७.५९ प्रतिशत, ०.४८ प्रतिशत र ०.१९ प्रतिशतले वृद्धि भएको छ भने उखु, जौ, दलहन, धान, तेलहन, कोदो र मकैले ढाकेको क्षेत्रफलमा क्रमशः १७.३७ प्रतिशत, १६.४६ प्रतिशत, ५.५३ प्रतिशत, ३.८९ प्रतिशत, २.८८ प्रतिशत, २.५३ प्रतिशत र ०.७६ प्रतिशतले ह्रास आएको छ । खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलको ३४.१९ प्रतिशत भु-भागमा मकै र २५.६६ प्रतिशतमा धान खेती रहेको छ ।

---

[१] प्रथम पञ्चवर्षिय योजना, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, २०७७ वैशाख

**चार्ट ३.१**
**प्रमुख कृषि उपजले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा)**




*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू ।*

### (ख) तरकारी

समीक्षा अवधिमा तरकारीले ढाकेको क्षेत्रफलमा ७.८५ प्रतिशतले ह्रास आई १९ हजार ५ सय १३ हेक्टर कायम भएको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो क्षेत्रफलमा १२.०१ प्रतिशतले वृद्धि भएको थियो ।

### (ग) फलफूल

समीक्षा अवधिमा फलफूलले ढाकेको क्षेत्रफल ०.८७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो क्षेत्रफलमा १.०४ प्रतिशतले ह्रास आएको थियो । फलफूलमध्ये सुन्तला, आँप र केरा खेती गरिएको क्षेत्रफलमा सामान्य वृद्धि भएको छ भने स्याउ खेती गरिएको क्षेत्रफलमा कमी आएको छ । प्रदेशमा १७ हजार ४ सय १६ हेक्टर क्षेत्रफलमा फलफूल खेती गरिएको छ ।

### (घ) मसला

समीक्षा अवधिमा मसला बालीले ढाकेको क्षेत्रफल २.७३ प्रतिशतले कमी आई ७ हजार ३ सय ९२ हेक्टर रहेको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो क्षेत्रफलमा १.१७ प्रतिशतले वृद्धि भएको थियो ।

## ३.१.२ जिल्लागत विवरण

कृषि कार्यमा उपयोग भएको भूभागको जिल्लागत विश्लेषण गर्दा गण्डकी प्रदेशको कुल खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी क्रमश: गोरखा जिल्ला (१३.६४ प्रतिशत), स्याङ्जा जिल्ला (१३.३३ प्रतिशत), कास्की जिल्ला (१२.९१ प्रतिशत) रहेको छ भने हिमाली जिल्ला मुस्ताङमा (०.२५ प्रतिशत), र मनाङ जिल्लामा (०.३५ प्रतिशत) रहेको छ ।

तरकारी खेती भएको कुल क्षेत्रफल मध्ये सबैभन्दा बढी तनहुँ जिल्लामा २१.६४ रहेको छ भने सबै भन्दा कम मुस्ताङ जिल्लामा ०.२७ प्रतिशत रहेको छ । फलफूल खेतीमा तनहुँ तथा स्याङ्जा जिल्लाको बाहुल्यता रहेको छ भने मसला खेतीमा लमजुङ, कास्की तथा तनहुँ जिल्लाको बाहुल्यता रहेको छ ।

**तालिका ३.२**

**कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत)**

| जिल्ला | खाद्य, नगदे तथा अन्य बाली | | तरकारी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) |
| गोरखा | ५२,०९१.०० | १३.६४ | १,९२५.०० | ९.८६ | २,०५४.०० | ११.७९ | ४१३.०० | ५.५९ |
| मनाङ | १,३४५.०० | ०.३५ | ११४.०० | ०.५८ | १५२.०० | ०.८७ | १८.०० | ०.२४ |
| मुस्ताङ | ९४२.१४ | ०.२५ | ५३.२५ | ०.२७ | ९३२.९२ | ५.३६ | २५.९९ | ०.३५ |
| म्याग्दी | २१,४३५.७० | ५.६१ | १,१५०.०० | ५.८९ | १,१११.०० | ६.३८ | १०७.०० | १.४५ |
| कास्की | ४९,२९९.०० | १२.९१ | ३,०१२.०० | १५.४४ | १,०७८.०० | ६.१९ | १,२६४.०० | १७.१० |
| लमजुङ | ३६,३४८.०० | ९.५२ | ३,४०४.०० | १७.४४ | १,२८२.०० | ७.३६ | १,६२२.०० | २१.९४ |
| तनहुँ | ४८,१५७.०० | १२.६१ | ४,२२२.७१ | २१.६४ | २,९४२.०० | १६.८९ | १,१८६.०० | १६.०४ |
| नवलपरासी (पूर्व) | ४४,००३.०० | ११.५२ | ७०२.०० | ३.६० | १,३१४.०० | ७.५४ | १,२०८.०० | १६.३४ |
| स्याङ्जा | ५०,८८९.०० | १३.३३ | २,६३३.०० | १३.४९ | ३,३८९.०० | १९.४६ | ८०३.०० | १०.८६ |
| पर्वत | ३४,१३६.०० | ८.९४ | ९९८.०० | ५.११ | १,४९८.०० | ८.६० | २१८.०० | २.९५ |
| बाग्लुङ | ४३,१८५.०० | ११.३१ | १,३००.०० | ६.६६ | १,६६४.०० | ९.५५ | ५२८.०० | ७.१४ |
| **जम्मा** | **३८१,८३०.८४** | **१००.००** | **१९,५१३.९६** | **१००.००** | **१७,४१६.९२** | **१००.००** | **७,३९२.९९** | **१००.०** |

*स्रोतः अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू, २०८१ पुस ।*

## ३.२ कृषि उत्पादन

### ३.२.१ प्रदेशगत विवरण

समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य, नगदे तथा अन्य बाली) को उत्पादनमा ७.९८ प्रतिशतले ह्रास आएको छ। अघिल्लो वर्ष सोही अवधिमा यस्तो उत्पादन २.५४ प्रतिशतले वृद्धि भएको थियो।

**तालिका ३.३**

**कृषि बालीको उत्पादन**

(मेट्रिक टन)

| बालीको नाम | गत अवधि | | समीक्षा अवधि | | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | आ.व. २०८०/८१ (साउन-पुस) | हिस्सा (प्रतिशत) | आ.व. २०८१/८२ (साउन-पुस) | हिस्सा (प्रतिशत) | |
| खाद्य, नगदे तथा अन्य बाली | १३,८५,३७५.७० | ७५.८४ | १२,७४,७९३.५० | ७४.०१ | -७.९८ |
| तरकारी | २६३,३५९.५० | १४.४२ | २६९,२२१.२० | १५.६३ | २.११ |
| फलफूल | ११८,२२४.०० | ६.४७ | ११९,९०३.३० | ६.९६ | १.४२ |
| मसला | ५८,०४७.४० | ३.१८ | ५६,५०३.९० | ३.२८ | -२.६६ |
| चिया | ९०.७० | ०.०१ | ९२.१० | ०.०१ | १.५४ |
| कफी | १,६५९.८० | ०.०९ | १,८८५.६१ | ०.११ | १३.६१ |
| **जम्मा** | **१८,२६,७५७.१०** | **१००.००** | **१७,२२,३९९.६१** | **१००.००** | **-५.७३** |

*स्रोतः अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू, २०८१ पुस ।*

#### (क) खाद्य, नगदे तथा अन्य बाली


समीक्षा अवधिमा खाद्य, नगदे तथा अन्य बालीको उत्पादनमा ७.९८ प्रतिशतले ह्रास आएको छ। यस अवधिमा भटमास १५.०६ प्रतिशत, आलु ११.६१ प्रतिशत र दलहन ७.०२ प्रतिशतले वृद्धि भएको छ भने अन्य प्रमुख बालीहरू फापर, जौं, कोदो, गहुँ, मकै, तेलहन र धान क्रमशः ४४.३६ प्रतिशत, २८.७५ प्रतिशत, २७.८४ प्रतिशत, २०.११ प्रतिशत, १६.२३ प्रतिशत, १२.०९ प्रतिशत र ३.२२ प्रतिशतले घटेको छ।

गण्डकी प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीको कुल उत्पादनमध्ये धानको अंश २९.७३ प्रतिशत, मकैको अंश २९.६९ प्रतिशत, र आलु उत्पादनको अंश २३.६८ प्रतिशत रहेको छ।

### (ख) तरकारी

आर्थिक वर्ष २०८०/८१ को प्रथम छ महिनामा तरकारीको उत्पादन १४.९९ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा २.११ प्रतिशतले मात्र वृद्धि भएको छ ।

**चार्ट ३.२**
**प्रमुख कृषि बालीको उत्पादन (हजार मे.टनमा)**




*स्रोतः अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू, २०८१ पुस ।*

### (ग) फलफूल

समीक्षा अवधिमा फलफूलको उत्पादनमा १.४२ प्रतिशतले वृद्धि भई १ लाख १९ हजार ९०३ मेट्रिक टन पुगेको छ । प्रदेशमा सुन्तलाको उत्पादन ५४ हजार ५ सय ३० मेट्रिक टन, केराको उत्पादन २८ हजार ६ सय ७० मेट्रिक टन, स्याउको उत्पादन ९ हजार ४२ मेट्रिक टन, आँपको उत्पादन ५ हजार ८ सय ५५ मेट्रिक टन तथा अन्य फलफूलको उत्पादन २१ हजार ८ सय ५ मेट्रिक टन रहेको छ ।

### (घ) मसला

आर्थिक वर्ष २०८०/८१ को पहिलो छ महिनामा मसला बालीको उत्पादनमा ०.६१ प्रतिशतले ह्रास आएकोमा आर्थिक वर्ष २०८१/८२ को समीक्षा अवधिमा समेत सो बालीको उत्पादनमा २.६६ प्रतिशतले ह्रास आई ५६ हजार ५ सय ३ मेट्रिक टन उत्पादन भएको छ ।

## ३.२.२ जिल्लागत विवरण

कृषि उत्पादनको जिल्लागत विश्लेषण गर्दा गण्डकी प्रदेशको प्रमुख खाद्य, नगदे तथा अन्य बालीहरूको कुल उत्पादनको १५.१७ प्रतिशत उत्पादन नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा हुने देखिएको छ भने सबैभन्दा कम मुस्ताङ (०.७५ प्रतिशत) जिल्लामा हुने देखिएको छ ।

तरकारीको उत्पादन सबैभन्दा बढी २५.६७ प्रतिशत कास्की जिल्लामा हुने देखिएको छ भने कम मनाङ र मुस्ताङ जिल्लामा क्रमश ०.३३ प्रतिशत र ०.२८ प्रतिशत रहेको छ । फलफूलको उत्पादनमा स्याङ्जा जिल्लाको २५.२१ प्रतिशत हिस्सा रहेको छ भने मसला उत्पादनमा तनहुँको १९.१९ प्रतिशत हिस्सा रहेको छ ।

**तालिका ३.४**

**कृषि बालीको उत्पादन (जिल्लागत)**

| जिल्ला | खाद्य, नगदे तथा अन्य बाली | | तरकारी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) |
| गोरखा | १४५,२८०.०० | ११.४० | २३,१४२.०० | ८.६० | १४,०२७.०० | ११.७१ | २,५१५.०० | ४.४५ |
| मनाङ | १०,१९१.०० | ०.८० | ८९९.०० | ०.३३ | १,३९८.०० | १.१७ | ७५.०० | ०.१३ |
| मुस्ताङ | ९,५००.५० | ०.७५ | ७५७.२० | ०.२८ | ७,५२७.५० | ६.२८ | २२३.४० | ०.४० |
| म्याग्दी | ८७,०८३.०० | ६.८३ | १४,२००.०० | ५.२७ | ७,७९३.०० | ६.५० | १,१४५.०० | २.०३ |
| कास्की | १६९,३४०.०० | १३.२८ | ६९,१११.०० | २५.६७ | ७,००९.२० | ५.८५ | १०,१९२.०० | १८.०४ |
| लमजुङ | ११३,७७१.८० | ८.९२ | ३५,८८१.०० | १३.३३ | ५,६८३.०० | ४.७४ | ६,७४२.०० | ११.९३ |
| तनहुँ | १५२,८६५.२० | ११.९९ | ४५,८४५.०० | १७.०३ | २०,२५७.०० | १६.९१ | १०,८४४.५० | १९.१९ |
| नवलपरासी (पूर्व) | १९३,४२५.०० | १५.१७ | ८,४७८.०० | ३.१५ | ८,५०५.०० | ७.१० | १०,७८८.०० | १९.०९ |
| स्याङ्जा | १६०,२७६.०० | १२.५७ | ३४,८०८.०० | १२.९३ | ३०,२००.०० | २५.२१ | ८,१४३.०० | १४.४१ |
| पर्वत | ९९,४३४.०० | ७.८० | १६,१००.०० | ५.९८ | ६,२२७.०० | ५.२० | १,४५४.०० | २.५७ |
| बाग्लुङ | १३३,६२७.०० | १०.४८ | २०,०००.०० | ७.४३ | ११,१७६.६० | ९.३३ | ४,३८२.०० | ७.७६ |
| **जम्मा** | **१,२७४,७९३.५०** | **१००.००** | **२६९,२२१.२०** | **१००.००** | **११९,८०३.३०** | **१००.००** | **५६,५०३.९०** | **१००.०** |

*स्रोतः अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू, २०८१ पुस ।*

## ३.३ पशुपंछी तथा माछा उत्पादन

### ३.३.१ प्रदेशगत विवरण

### (क) प्रमुख पशुपंछी तथा माछा

यस प्रदेशमा आर्थिक वर्ष २०८१/८२ को प्रथम अर्धवार्षिक अवधिमा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा अण्डा र माछाको उत्पादन क्रमशः १.८९ प्रतिशत र २.३६ प्रतिशतले कमी आएको छ भने दुध र मासु उत्पादन क्रमशः ०.९४ प्रतिशत र ०.४० प्रतिशतले वृद्धि भएको छ ।

**तालिका ३.५**

**प्रमुख पशुपंछी तथा माछा उत्पादन**

| उत्पादन | २०८०/८१ (साउन-पुस) | २०८१/८२ (साउन-पुस) | वृद्धिदर |
|---|---|---|---|
| दुध (हजार लिटर) | १८०,५०२.०८ | १८२,२०४.५८ | ०.९४ |
| मासु (मेट्रिक टन) | ३१,८८६.६६ | ३२,०१४.२६ | ०.४० |
| अण्डा (हजार गोटा) | ११८,५४२.०९ | ११६,३०४.२७ | -१.८९ |
| माछापालन (मेट्रिक टन) | ११,६७२.९४ | ११,३९७.६६ | -२.३६ |

*स्रोतः भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू, गण्डकी प्रदेश, २०८१ पुस ।*

### ३.३.२ जिल्लागत विवरण

आर्थिक वर्ष २०८१/८२ को प्रथम अर्धवार्षिक अवधिको जिल्लागत दुध उत्पादनमा तनहुँ जिल्लाको हिस्सा सबैभन्दा बढी २३.५२ प्रतिशत रहेको छ । त्यस्तै मासु उत्पादनमा समेत तनहुँ जिल्लाकै हिस्सा २७.६ प्रतिशत रहेको छ । त्यस्तै अण्डा उत्पादनमा स्याङ्जा जिल्लाको हिस्सा ३५.०४ प्रतिशत रहेको छ । माछा उत्पादनमा कास्की जिल्लाको हिस्सा सबैभन्दा बढी ८४.९३ प्रतिशत रहेको छ । भौगोलिक विकटता र अवस्थितिका कारण मनाङ र मुस्ताङ जिल्लामा पशुपंछीको उत्पादन नगन्य रहेको छ ।

**तालिका ३.६**
**प्रमुख पशुपंछीजन्य उत्पादन (जिल्लागत)**

| जिल्ला | दुध | | मासु | | अण्डा | | माछापालन | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (हजार लिटर) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (हजार गोटा) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) |
| गोरखा | ११२८५.०० | ६.१९ | ६२५९.०० | १९.५६ | २४६६.७० | २.१२ | ३३.०० | ०.२९ |
| मनाङ | २००.५० | ०.११ | २१.०५ | ०.०७ | १२.०३ | ०.०१ | १.०० | ०.०१ |
| मुस्ताङ | १२३८.०० | ०.६८ | ३८.६४ | ०.१२ | ९८.७० | ०.०८ | ४.९० | ०.०४ |
| म्याग्दी | २५३२.१८ | १.३९ | ८८८.०९ | २.७८ | २७१०.७८ | २.३३ | ११.०० | ०.१० |
| कास्की | ३२७८४.५० | १७.९९ | ४५६३.९ | १४.२१ | १६५०६.६ | १४.१९ | ९६७९.५ | ८४.९३ |
| लमजुङ | ८७००.०० | ४.७७ | १८१४.०० | ५.६७ | ४०१४.०० | ३.४५ | २५.५० | ०.२२ |
| तनहुँ | ४२८५९.३३ | २३.५२ | ८८५३.१३ | २७.६७ | ८७९५.२ | ७.५६ | ९०८.७० | ७.९७ |
| नवलपरासी (पूर्व) | ३८४०२ | २१.०८ | ४१९४.०० | १३.११ | ३३४८३.९० | २८.७९ | ६८६ | ६.०२ |
| स्याङ्जा | २६६१७.५० | १४.६१ | २५४५ | ७.९५ | ४०७६०.०० | ३५.०५ | ३२.०५ | ०.२८ |
| पर्वत | ६०६५.०० | ३.३३ | १०६४.९० | ३.३३ | ३७७१.१० | ३.२४ | ६.६१ | ०.०६ |
| बाग्लुङ | ११५२०.५७ | ६.३२ | १७७२.८५ | ५.५४ | ३६८५.२२ | ३.१७ | ९.४० | ०.०८ |
| **जम्मा** | **१,८२,२०४.५८** | **१००.०** | **३२,०१४.२६** | **१००.०** | **११६,३०४.२३** | **१००.०** | **११,३९७.६६** | **१००.०** |

*स्रोत : भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू, गण्डकी प्रदेश, २०८१ पुस ।*

## ३.४ वनजन्य उत्पादन

### ३.४.१ प्रदेशगत विवरण

आर्थिक वर्ष २०८१/८२ को प्रथम अर्धवार्षिक अवधिमा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा यस प्रदेशको वनजन्य उत्पादनमा काठको उत्पादन ४६.२८ प्रतिशतले वृद्धि भएको छ भने दाउराको उत्पादन १३५.६४ प्रतिशतले वृद्धि भएको छ । औषधिजन्य वस्तुको उत्पादन ७९.०५ प्रतिशतले कमी आएको छ ।

**तालिका ३.७**
**वनजन्य उत्पादन**

| विवरण | एकाइ | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| काठ | क्यु. फिट | ४८४,६४२.४७ | ७०८,९१९.४९ | ४६.२८ |
| दाउरा | चट्टा | ६०४.०४ | १,४२३.३६ | १३५.६४ |
| औषधिजन्य वस्तु | मे.टन | ४०.४७ | ८.४८ | -७९.०५ |
| अन्य उत्पादन | मे.टन | ०.९९ | - | -१०० |

*स्रोतः जिल्ला वन कार्यालयहरू, गण्डकी प्रदेश, २०८१ पुस ।*

समीक्षा अवधिमा वन कार्यालयहरूले निजी आवादी जग्गामा रहेको वनको काठ कटानका लागि स्वीकृति दिएको, ग्रामीण क्षेत्रहरूमा समेत सडक पूर्वाधारको सञ्जाल विस्तार भएको र निजी वनबाट काठ कटानका लागि अघिल्ला वर्षको भन्दा बढी स्वीकृति प्रदान गरेकाले काठको उत्पादनमा वृद्धि भएको छ । साथै, वन सम्वर्द्धन प्रणालीमा आधारित कार्यविधिको मस्यौदा तयार भएको हुँदा वन व्यवस्थापन तथा छाँटकाँटमा सहज हुने देखिएकोले काठको उत्पादन बढेको छ । निजी क्षेत्रमा बाँदर नियन्त्रणका लागि विभिन्न स्थानीय तहले अभियान नै चलाई रुखहरु कटान गर्न लगाएकाले समेत काठको उत्पादन वृद्धि भएको छ ।

### ३.४.२ जिल्लागत स्थिति

समीक्षा अवधिमा काठको उत्पादनमा गोर्खा जिल्लाको हिस्सा सबैभन्दा बढी २४.७ प्रतिशत र मनाङ जिल्लाको हिस्सा शुन्य रहेको छ ।

**तालिका ३.८**
**काठको उत्पादन (जिल्लागत)**

(क्युबिक फिट)

| जिल्ला | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) | जिल्लागत हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| गोरखा | १२५,४६३.०० | १७४,९८०.९८ | २४.७ |
| मनाङ | ५००.०० | - | - |
| मुस्ताङ | १२,४२५.०० | ८,७३४.९७ | १.२ |
| म्याग्दी | २०,२२४.०७ | ३१,८२४.४३ | ४.५ |
| कास्की | ८,४५१.५३ | २९,८४७.३२ | ४.२ |
| लमजुङ | १२७,९५९.६५ | १६२,६१५.१२ | २२.९ |
| तनहुँ | ६३,९१२.३४ | ३९,१९६.४० | ५.५ |
| नवलपरासी (पूर्व) | ८,२०४.८८ | ६२,९७८.३५ | ८.९ |
| स्याङ्जा | २७,३०३.०० | २७,२२१.८२ | ३.८ |
| पर्वत | ३६,६८०.५२ | ४८,६०८.०० | ६.९ |
| बाग्लुङ | ५३,५१८.४८ | १२२,९१२.१० | १७.३ |
| **जम्मा** | **४८४,६४२.५०** | **७०८,९१९.५०** | **१००.०** |


*स्रोत: जिल्ला वन कार्यालयहरू, गण्डकी प्रदेश, २०८१ पुस ।*

## ३.५ सिँचाई

### ३.५.१ प्रदेशगत विवरण

आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्म यस प्रदेशमा ३ लाख ६५ हजार ११ हेक्टर क्षेत्रफलमा खेती गरिएको छ । यो क्षेत्रफल अघिल्लो बर्षको सोही अवधिको हाराहारी मै रहेको छ । यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफलको ३३.११ प्रतिशत भू-भागमा (१ लाख ५० हजार १ सय ७१ हेक्टर क्षेत्रफल) सिँचाई सुविधा पुगेको छ ।

**चार्ट ३.३**
**सिँचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा)**




*स्रोत : जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु, गण्डकी प्रदेश, २०८१ पुस ।*

समीक्षा अवधिमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफल ०.२८ प्रतिशतले वृद्धि भएको छ । कुल सिञ्चित क्षेत्रफलमध्ये ४०.७८ प्रतिशत कुलो र ५८.५४ प्रतिशत नहरबाट भएको छ भने पोखरी, बोरिङ्ग तथा थोपा सिँचाई प्रणालीबाट बाँकी ०.६८ प्रतिशत सिँचाइ भएको छ । साथै, समीक्षा अवधिमा कुल खेतीयोग्य क्षेत्रफलमा ०.६० प्रतिशतले वृद्धि भएको छ ।

**तालिका ३.९**
**खेतीयोग्य तथा सिँचित भू-भागको क्षेत्रफल**

(हेक्टरमा)

| | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | २०८१/८२ (साउन-पुस) | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| कुल सिञ्चित क्षेत्रफल | १४९,४०२.० | १४९,७५३.० | १५०,१७१.० | ०.२८ |
| कुल खेतीयोग्य क्षेत्रफल | ४५३,४८९.० | ४५३,४८९.० | ४५३,४८९.० | ०.६० |
| खेती गरिएको क्षेत्रफल | ३६४,८७६.० | ३६४,८८५.० | ३६५,०११.० | ०.०३ |

*स्रोत : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयहरु, गण्डकी प्रदेश, २०८१ पुस ।*

**बक्स १: मादि हिमालयन कृषि फर्म**




खोल्साको सुन भनेर चिनिने अलैंची खेती गरी गण्डकी प्रदेशमा कृषि व्यवसायलाई प्रवर्द्धन गर्दै राष्ट्रिय अर्थतन्त्रमा यस प्रदेशको योगदानमा वृद्धि गर्ने, अन्य कृषकलाई कृषि व्यवसायमा आकर्षित गर्ने र रोजगारी सृजना गर्ने अभिप्रायले स्थानीय सुरेन्द्रजङ क्षेत्रीबाट वि.सं.२०७३ सालमा मादि गाउँपालिका-२, रोहिगाउँमा कास्की जिल्लाकै ठुलो कृषि फर्मकोरुपमा **मादि हिमालयन कृषि फर्म प्रा.लि**.सञ्चालनमा रहेको छ । शुरुमा जिल्ला कृषि विकास कार्यालमा दर्ता भएको यो फर्म २०७६/०२/१४ मा घरेलु तथा साना उद्योग, कम्पनी ऐन, २०६३ अनुसार प्राइभेट कम्पनी (दर्ता नं १५४८४/०७५/७६) मा दर्ता भई सञ्चालनमा रहेको छ। चालु पुँजी रु.४ लाख र स्थिर पुँजी रु.११ लाख रहेको यस प्रा.लि.को नेट वर्थ हाल रु.३ करोडको रहेको छ। उक्त फर्मले कृषि सहुलियत कर्जा उपयोग गरी कर्जा चुक्ता समेत गरिसकेको छ । सानो क्षेत्रफलबाट शुरु गरिएको यो कम्पनी हाल ४०० रोपनीमा फैलिएको छ। वार्षिक ५ हजार के.जी. अलैंची उत्पादन गर्ने गरेको फर्मको वार्षिक आम्दानी करिब रु.३० लाख रहेको छ । करिव ७० प्रतिशत उत्पादन क्षमतामा चलिरहेको यस कम्पनीले वरिपरिका स्थानीयले उत्पादन गरेको अलैंची समेत जम्मा गरेर भारत, सिंगापुर र जर्मनी निर्यात गर्दै आइरहेको छ । विभिन्न देशमा निर्यात गर्ने हुँदा विदेशी विनिमय दरका कारण आम्दानीमा केही फरक पर्न सक्ने सञ्चालकको भनाई रहेको छ । हाल स्थायी रुपमा कार्यरत ३ जना कर्मचारी रहेको कम्पनीले खेती गर्ने सिजनमा १५ जनासम्म स्थानीय कामदारलाई रोजगारी दिने गरेको छ । भविष्यमा लगानी बढाउने, स्तरीय प्याकेजिङ गर्ने लक्ष्य बोकेको यस फर्मले दुवईमा निर्यातका लागि सम्झौता गर्ने क्रममा रहेको तथा अन्य देशमा समेत बजारीकरण गर्ने योजनामा रहेको उल्लेख गरेको छ।

## ३.५.२ जिल्लागत विवरण

आर्थिक वर्ष २०८१/८२ को प्रथम अर्धवार्षिक अवधिसम्म जिल्लागत अध्ययन गर्दा कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा कुल सिञ्चित क्षेत्रफल सबैभन्दा बढी मुस्ताङ जिल्लामा (९४.६ प्रतिशत) रहेको छ भने सबैभन्दा कम तनहुँ जिल्लामा (१०.४ प्रतिशत) रहेको छ । विशेष गरी कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा कुल सिञ्चित क्षेत्रफललाई हेर्दा गण्डकी प्रदेशको अन्य जिल्लाहरुको तुलनामा मुस्ताङ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), कास्की, गोरखा र पर्वत जिल्लामा राम्रो सुविधा रहेको छ।

**तालिका ३.१०**
**खेतीयोग्य तथा सिंचित भू-भागको क्षेत्रफल (जिल्लागत)**

| जिल्ला | कुल सिञ्चित क्षेत्रफल (हेक्टरमा) | कुल खेतीयोग्य क्षेत्रफल (हेक्टरमा) | खेती गरिएको क्षेत्रफल (हेक्टरमा) | कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा सिञ्चित क्षेत्रफल |
|---|---|---|---|---|
| गोरखा | २५,३७८.० | ५५,६९६.० | ५४,०१६.० | ४५.६ |
| मनाङ | ४४१.० | २,१५३.० | २,०४२.० | २०.५ |
| मुस्ताङ | ५,१७३.० | ५,४७०.० | ४,१२०.० | ९४.६ |
| म्याग्दी | ६,०९१.० | ३०,४५६.० | १९,४९८.० | २०.० |
| कास्की | १३,०८५.० | २८,६३१.० | २६,९३२.० | ४६.१ |
| लमजुङ | १५,६४७.० | ५८,३७५.० | ४५,७४७.० | २६.८ |
| तनहुँ | ६,७५४.० | ६५,०६१.० | ५१,५१०.० | १०.४ |
| नवलपरासी (पूर्व) | ४१,२६८.० | ६०,१७५.० | ५५,३०४.० | ६८.६ |
| स्याङ्जा | १९,२७०.० | ७२,७३१.० | ५०,५६४.० | २६.५ |
| पर्वत | १०,१७४.० | २८,५९३.० | २४,७३७.० | ३५.६ |
| बाग्लुङ | ६,८९०.० | ४६,१४८.० | ३०,५४१.० | १४.९ |
| **जम्मा** | **१५०,१७१.०** | **४५३,४८९.०** | **३६५,०११.०** | **३३.१** |

*स्रोतः जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयहरु, गण्डकी प्रदेश, पुस २०८१ ।*

## ३.६ जिल्लागत कृषि कर्जा

२०८१ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कृषि क्षेत्रमा प्रवाहित कर्जा २०८० पुस मसान्तको तुलनामा ८.१४ प्रतिशतले कमी आई रु.२६ अर्ब २ करोड ५५ लाख रहेको छ ।

**तालिका ३.११**
**जिल्लागत कृषि कर्जा**

| जिल्ला | २०८० पुस मसान्त | | २०८१ पुस मसान्त | | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | कृषि कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) | कृषि कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) | |
| कास्की | ११,४३०.३७ | ४०.३ | १०,२७३.९४ | ३९.५ | -१०.१२ |
| स्याङ्जा | २,४२४.४९ | ८.६ | २,०१४.३० | ७.७ | -१६.९२ |
| तनहुँ | ३,५२५.६१ | १२.४ | ३,२५४.७० | १२.५ | -७.६८ |
| गोरखा | १,३३१.६६ | ४.७ | १,३२१.६० | ५.१ | -०.७६ |
| लमजुङ | १,७०५.९४ | ६.० | १,६६४.८० | ६.४ | -२.४१ |
| मनाङ | १०६.११ | ०.४ | ९९.९६ | ०.४ | -५.८० |
| मुस्ताङ | २०२.०३ | ०.७ | २१७.०० | ०.८ | ७.४१ |
| पर्वत | ९१५.४६ | ३.२ | ८५५.९० | ३.३ | -६.५१ |
| बाग्लुङ | १,२००.८६ | ४.२ | १,०६२.४२ | ४.१ | -११.५३ |
| म्याग्दी | ६६५.२६ | २.३ | ६७५.५३ | २.६ | १.५४ |
| नवलपरासी (पूर्व) | ४,८२३.७७ | १७.० | ४,५८५.३७ | १७.६ | -४.९४ |
| **जम्मा** | **२८,३३१.५६** | **१००.००** | **२६,०२५.५२** | **१००.०** | **-८.१४** |

*स्रोतः नेपाल राष्ट्र बैंक, पुस २०८१ ।*

यस प्रदेशमा प्रवाहित कुल कर्जामा कृषि कर्जाको अंश ७.४४ प्रतिशत रहेको छ । प्रदेशको कुल कृषि कर्जामा सबैभन्दा बढी हिस्सा कास्की जिल्लामा ३९.५ प्रतिशत र सबैभन्दा कम हिस्सा मनाङ जिल्लामा ०.४ प्रतिशत प्रवाह भएको छ । साथै, समीक्षा अवधिमा यस प्रदेशको मुस्ताङ र म्याग्दी जिल्लामा कृषि कर्जा बढेको छ भने अन्य जिल्लाहरुमा ह्रास आएको छ ।

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.७.१ चुनौती

१. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि मल, उन्नत बिउ, प्रविधि, सिँचाई, विद्युत, प्राविधिक सेवा दिगो र सर्वसुलभरुपमा उपलब्ध गराउनु, खेतीयोग्य जग्गाको खण्डीकरण रोक्नु, जग्गा बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्नु, बाँदर तथा वन्यजन्तुबाट हुने हानी नोक्सानी न्यूनीकरण गर्नु ।

२. कृषि पेशा तथा पशुपालन व्यवसायलाई सम्मानित पेशाको रुपमा विकास गर्नु तथा यस क्षेत्रमा युवाको सहभागिता बढाउनु ।

३. कृषि तथा पशुपालन क्षेत्रमा समय-समयमा देखिने महामारीजन्य रोगबाट हुने जोखिम न्यूनीकरण गर्नु ।

४. कृषि-बिमा कार्यमा मूल्याङ्कन तथा क्षतिपूर्ति यकीन गर्ने प्रक्रिया लामो तथा झन्झटिलो हुने गरेकाले कृषि जोखिम न्यूनीकरण गर्नु ।

५. कृषि तथा पशुसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्ने निकायको रुपमा रहेका कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लगायतलाई आवश्यक स्रोत र साधनको व्यवस्था गरी एकद्वार प्रणालीमार्फत तथ्याङ्क सङ्कलन गर्नु ।

६. कृषि उत्पादनलाई बजारमा सहज पहुँच पुग्ने गरी आधारभूत संरचनाको विकास गर्नु, कृषि उत्पादन भण्डारण सुविधा, प्रशोधन केन्द्र, यातायात सेवा, कृषि उत्पादनको बजारीकरण प्रक्रियामा संस्थागत सञ्जालको विस्तार र ग्रामीण क्षेत्रमा आधारभूत सेवाहरूको पहुँचमा जोड पुऱ्याउनु ।

७. जैविक विविधताको सन्तुलन र पारम्परिक बालीहरूको संरक्षण गर्दै जलवायु परिवर्तनको असरलाई कम गर्न जलवायु अनुकूल कृषि प्रविधिको प्रयोग गर्ने र वातावरणीय सन्तुलन कायम राख्ने कृषि प्रणालीलाई सुदृढ बनाउनु, रोग नियन्त्रणका लागि जैविक सुरक्षा तथा नियमित खोप अभियान सुदृढ गर्नु ।

८. गुणस्तरीय बिउ, नश्ल, औषधी, खोप र सहज मत्स्य भुरा उपलब्धता, दुग्ध र मासुजन्य उत्पादन बढाउनु, पशु तथा मत्स्य स्रोत केन्द्रहरू स्थापना र सुदृढीकरण, घाँसमा आधारित पशुपालन बढाउने, बाँझो जमिनको प्रयोग बढाउने, पशुपालन क्षेत्रलाई व्यावसायिक, प्रतिस्पर्धा गर्न सक्ने उत्पादनको निरन्तरता र व्यवसायिकता सुनिश्चित गर्नु ।

९. माटोको गुणस्तर बढाउन, बिउमा आत्मनिर्भर बन्न, नगदे बाली लगाउन, कृषिमा मेसिन प्रयोग गर्न, रोग नलाग्ने बाली विस्तार गर्न र सहकारी संस्थासँग स्थानीय कृषकको वित्तीय एवं व्यवसायिक सम्बन्ध बलियो र प्रभावकारी बनाउन, कृषि उपकरण र स्रोत सजिलै उपलब्ध गराउन, उत्पादन भइसकेपछि हुने नोक्सानी कम गर्न, बजारको संरचना सुधार्न र मूल्य निर्धारण गर्ने तरिका अझै स्पष्ट पार्नु तथा कृषि उत्पादन र उत्पादकत्व बढाएर आत्मनिर्भर बन्नु चुनौतीपुर्ण छ ।

### ३.७.२ सम्भावना

१. प्रदेश तथा स्थानीय सरकारले कृषि तथा पशुजन्य उत्पादनको बजारीकरण तथा भण्डारणका लागि आवश्यक सहजीकरण गर्न सके उत्पादित बस्तुले उचित मूल्य तथा राम्रो बजार पाउने सम्भावना रहेको छ ।

२. कृषि ऋण तथा अनुदानको प्रभावकारी कार्यान्वयन, उन्नत मल, बीउ तथा उपकरणको उपलब्धता, उचित प्राविधिक सेवाको उपलब्धता, कृषि तथा पशुपालन सम्बन्धी सीप र तालिमको व्यवस्था, रोगको रोकथाम तथा नियन्त्रण, बाँदर तथा वन्यजन्तुबाट हुने क्षतिको प्रभावकारी न्यूनीकरण

इत्यादि गर्न सकेको खण्डमा कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि हुने सम्भावना रहेको छ ।

३. गण्डकी प्रदेशमा विभिन्न कृषि उत्पादनको सम्भावना भएका चेपेटार, हाँडीटार, राइनसटार तथा अन्य टारमा लिफ्ट सिँचाई मार्फत् सिँचाइको पहुँच पुऱ्याउन सकिएमा कृषि उत्पादनमा वृद्धि हुने सम्भावना रहेको छ ।

४. मनाङ र मुस्ताङ जिल्लामा व्यावसायिक स्याउ खेती तथा कास्की, स्याङ्जा, गोरखा, बाग्लुङ र पर्वतमा व्यवसायिक सुन्तला खेतीको उच्च सम्भावना रहेको छ । साथै, यस प्रदेशको उच्च हिमाली क्षेत्रमा पाइने यार्सागुम्बा लगायतका जडीबुटीको बजारीकरण गर्न समुदाय, सहकारी र स्थानीय तहको समन्वयात्मक कार्यक्रम ल्याउन सकिएमा जडीबुटीको राम्रो सम्भावना रहेको छ ।

५. उच्च पहाडी क्षेत्रमा भेडा, च्याङ्ग्रा र चौरीपालन व्यवसाय प्रवर्द्धन गर्न सकिने उच्च सम्भावना रहेको छ । पशुपालन व्यवसाय प्रवर्द्धनले ऊन, दुध, छुर्पी र मासुको उत्पादन समेत वृद्धि हुने देखिन्छ । अन्य पहाडी जिल्लामा व्यावसायिक बाख्रापालन, गाई/भैंसीपालनको सम्भावना रहेको छ ।

६. होटल व्यवसायीलाई स्थानीय कृषि उत्पादन खपत गर्न थप प्रोत्साहन गर्न सकिए कृषि र पर्यटन सेवाबीचको अन्तरआवद्धता बढी दुवै क्षेत्रको विस्तारमा सहयोग पुग्ने सम्भावना रहेको देखिन्छ ।

७. कृषियोग्य जमिन जोगाउन तीनै तहका सरकारबीच सहकार्य गरी बाँझो जमिनलाई प्रयोगमा ल्याई त्यस्ता जमीनमा औषधीजन्य बोटबिरुवा तथा जडीबुटी खेती गर्ने, जग्गालाई एकत्रित गरी ठूला उत्पादन क्षेत्र बनाउने, आधुनिक उपकरण प्रयोग गरी कृषि उत्पादनमा विविधिकरण गरी व्यवसायिक कृषि उत्पादन गर्ने, सोको ढुवानी, भण्डारण र प्रशोधन गरी व्यवस्थित बजार बनाउन सञ्जाल विस्तार गर्दै कृषि क्षेत्रको मूल्य र बजारीकरण सुधार गर्न सकिन्छ ।

# परिच्छेद ४

# उद्योग क्षेत्र

आर्थिक वर्ष २०८१/८२ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा १६.५ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ। गत वर्ष यस्तो हिस्सा १६.८ प्रतिशत रहेको थियो। यस प्रदेशको उद्योग क्षेत्रमा साना र मझौला उद्योगहरूको उल्लेख्य उपस्थिति रहेको छ। आ.व. २०८०/८१ सम्ममा गण्डकी प्रदेशमा दर्ता भएका कुल उद्योगको सङ्ख्या ७३ हजार ७ सय ६६ पुगेको छ भने वाणिज्य फर्मको सङ्ख्या ७४ हजार ३ सय १९ पुगेका छन्।[२]


## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी

### ४.१.१ प्रदेशगत विवरण

क) आर्थिक वर्ष २०८१/८२ को प्रथम अर्धवार्षिक अवधिमा यस प्रदेश अन्तर्गतका नमुना छनोटमा समेटिएका १४ उद्योगको औसत क्षमता उपयोग गत वर्षको सोही अवधिको तुलनामा ०.४१ प्रतिशत बिन्दुले कमी आई ४०.८५ प्रतिशत रहेको छ। यस प्रदेशमा औसत क्षमता उपयोगभन्दा बढी उत्पादन क्षमता भएका उद्योगमा वियर, बिस्कुट, चुरोट, प्रशोधित दुध, तोरीको तेल, लिक्विड औषधी र चकलेटका उद्योग रहेका छन्। औसतभन्दा कम क्षमता उपयोग भएकामा सिमेन्ट उद्योग, क्याप्सुल औषधी, चाउचाउ, ट्याब्लेट औषधी, ईटा उद्योग ओइन्टमेन्ट औषधी र ड्राई सिरप औषधीका उद्योग रहेका छन्।

**चार्ट ४.१**

**प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग (प्रतिशतमा)**




*स्रोत : अध्ययन क्षेत्रका उद्योगहरू, पुस २०८१।*

(ख) आर्थिक वर्ष २०८१/८२ को प्रथम अर्धवार्षिक अवधिमा अघिल्लो आर्थिक बर्षको सोही अवधिको तुलनामा ओइन्टमेन्ट औषधी, चाउचाउ, वियर, ड्राई सिरप औषधी, चुरोट, तोरीको तेल र प्रशोधित दुधको उत्पादनमा क्रमशः ७९.४७ प्रतिशत, ४५.२२ प्रतिशत, ४३.०३ प्रतिशत, ९.७२ प्रतिशत, ५.०७ प्रतिशत, र ४.७७ प्रतिशतले वृद्धि भएको छ भने क्यापसुल औषधी, ईट्टा, ट्याब्लेट औषधी, चकलेट, सिमेन्ट, लिक्विड औषधी र विस्कुटको उत्पादन क्रमशः ३०.३ प्रतिशत, २३.३ प्रतिशत, ११.४९ प्रतिशत, ११.४५ प्रतिशत, १०.२७ प्रतिशत, ८.९ प्रतिशत, ५.१७ प्रतिशतले कमी आएको छ।

[२] वार्षिक प्रगति पुस्तिका-२०८०/८१, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,गण्डकी प्रदेश।

**तालिका ४.१**
**औद्योगिक उत्पादन**

| उत्पादित वस्तुको नाम | एकाई | २०८०/८१ (साउन-पुस) | २०८१/८२ (साउन-पुस) | प्रतिशत परिवर्तन | क्षमता उपयोग |
|---|---|---|---|---|---|
| तोरीको तेल | मे.टन | १,३८०.०० | १,४५० | ५.०७ | ५०.३ |
| प्रशोधित दूध | हजार लिटर | ४,४११.२५ | ४,६२१.७२ | ४.७७ | ५१.२ |
| विस्कुट | मे.टन | ३,७४४.३५ | ३,५५०.६८ | -५.१७ | ६९.३ |
| चकलेट | मे.टन | २,२६५.०० | २,००५.६५ | -११.४५ | ४१.७ |
| चाउचाउ | मे.टन | १,९८०.१९ | २,८७५.६९ | ४५.२२ | ३०.४ |
| वियर | हजार लिटर | ३७,१७३.९७ | ५३,१७१.३२ | ४३.०३ | ८४.४ |
| चुरोट | दस लाख खिल्ली | १,७७७.९० | १,९३७.०७ | ८.९५ | ५३.८ |
| ट्याब्लेट | हजार थान | ८३,६९५.०० | ७३,९९२.८७ | -११.५९ | २९.१ |
| क्यापसुल | हजार थान | १२,७४७.०० | ८,८८५ | -३०.३० | ३०.८ |
| ओइन्टमेन्ट | हजार ट्युब | ४१९.०० | ७५२ | ७९.४७ | २०.३ |
| ड्राइ सिरप | हजार बोतल | १४४.०० | १५८ | ९.७२ | ६.५ |
| लिक्विड | हजार बोतल | १,१०१.०० | १,००२.९९ | -८.९० | ४४.० |
| ईंटा | दस लाख गोटा | १.७६ | १.३५ | -२३.३० | २६.१ |
| सिमेण्ट | मे.टन | ४८२,५३७.५० | ४३२,९७९ | -१०.२७ | ३३.९ |

*स्रोत: अध्ययन क्षेत्रका उद्योगहरू, पुस २०८१ ।*

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

समीक्षा अवधिमा गण्डकी प्रदेशमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको औद्योगिक कर्जामा २.३ प्रतिशतले ह्रास भई कुल रु.२८ अर्व ६२ करोड रहेको छ । गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जामा औद्योगिक कर्जाको हिस्सा ८.१८ प्रतिशत रहेको छ ।

**तालिका ४.२**
**क्षेत्रगत औद्योगिक कर्जा**

*रकम रु दश लाखमा*

| विवरण | २०८१ पुस मसान्त | २०८२ पुस मसान्त | परिवर्तन प्रतिशत | क्षेत्रगत औद्योगिक कर्जा (प्रतिशतमा) |
|---|---|---|---|---|
| खानी सम्बन्धी | ४११.४ | २४२.८ | -४१.० | ०.८५ |
| कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी | ८,४४०.३ | ८,५०८.२ | ०.८ | २९.७२ |
| गैरखाद्य वस्तु उत्पादन सम्बन्धी | ८,५०२.८ | ८,६५०.८ | १.७ | ३०.२२ |
| निर्माण सम्बन्धी | ८,९७२.८ | ८,१६७.६ | -९.० | २८.५३ |
| विद्युत, ग्यास तथा पानी सम्बन्धी | ५८६.९ | ४८४.७ | -१७.४ | १.६९ |
| धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक सम्बन्धी | २३७४.७ | २,५७३.४ | ८.४ | ८.९९ |
| **कुल औद्योगिक कर्जा** | **२९,२८८.९** | **२८,६२७.३८** | **-२.३** | **१००.००** |

*स्रोत: नेपाल राष्ट्र बैंक, पुसमसान्त २०८१ ।*

उक्त कर्जामध्ये सबैभन्दा बढी गैर-खाद्य वस्तु उत्पादन सम्बन्धी उपशीर्षकमा रु. ८ अर्ब ६५ करोड (३०.२२ प्रतिशत), कृषि वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उपशीर्षकमा रु. ८ अर्ब ५० करोड (२९.७२ प्रतिशत), निर्माण उपशीर्षकमा रु. ८ अर्ब १६ करोड (२८.५३ प्रतिशत), धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उत्पादन सम्बन्धी उपशीर्षकमा रु.२ अर्ब ५७ करोड (८.९९ प्रतिशत), विद्युत, ग्यास तथा पानी उत्पादन सम्बन्धी उपशीर्षकमा रु. ४८ करोड (१.६९ प्रतिशत) र खानी सम्बन्धी उत्पादन सम्बन्धी उपशीर्षकमा रु.२४ करोड (०.८५ प्रतिशत) कर्जा लगानी रहेको छ ।

## ४.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### ४.३.१ चुनौती

१. अधिकांश उद्योगको उत्पादन क्षमता न्यून (औसत उत्पादन क्षमता उपयोग ४०.८५ प्रतिशत) देखिएकोले त्यस्ता उद्योगहरूलाई पूर्ण क्षमतामा सञ्चालन गर्न आवश्यक विद्युत, कच्चा पदार्थको उपलब्धता, स्वदेशी उत्पादनका लागि उचित बजार लगायत अन्य भौतिक पूर्वाधार उपलब्ध गराउनु ।

२. उद्योगको लागि आवश्यक सीपमुलक तथा दक्ष जनशक्तिको अभाव तथा पुँजी र अत्यावश्यक कच्चा पदार्थको आपूर्ति सहज गर्नु ।

३. पर्यटन व्यवसाय तथा स्थानीयस्तरमा माग भएका खाद्य पदार्थ प्रदेशभित्रै उत्पादन गरेर स्थानीय अर्थतन्त्रलाई बढावा दिनु ।

४. औद्योगिक क्षेत्रमा पुर्वाधारको विकास बढाउँदै जानु तथा नयाँ प्रविधिको प्रयोग गरी प्रदेशका उद्योगलाई प्रतिस्पर्धी बनाउनु ।

५. विभिन्न प्रयोजनका लागि बढ्दो वैदेशिक पलायनले मागमा कमी देखिएको परिप्रेक्ष्यमा औद्योगिक क्षेत्रमा वैदेशिक लगानी आकर्षित गरी उत्पादन तथा रोजगारीमा वृद्धि गर्नु ।

६. बढ्दो उत्पादन लागतले उद्योगको प्रतिस्पर्धात्मक क्षमता ह्रास भई अन्तर्राष्ट्रिय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्नु । सञ्चालित उद्योगलाई उत्पादन र उत्पादकत्वका दृष्टिले प्रतिस्पर्धी बनाउनु ।

### ४.३.२ सम्भावना

१. नेपाल सरकारले आ.व. २०८१/८२ को बजेटमा समावेश गरेको गण्डकी आर्थिक त्रिभुज परियोजना, मेक इन नेपाल र मेड इन नेपाल अभियान तथा विभिन्न उद्योगहरुको लागि आवश्यक सडक, विद्युत, प्रसारण लाइन र इन्टरनेट सेवा लगायतका पूर्वाधारको विकासको प्रभावकारी कार्यान्वयन भएमा यस प्रदेशमा औद्योगिक क्षेत्रको विकासको राम्रो सम्भावना रहेको छ ।

२. स्वदेशी उत्पादनको प्रयोगलाई प्राथमिकतामा राख्ने तथा सरकारी एवम् गैरसरकारी निकायमा हुने आवश्यक सामग्रीको प्रयोगमा स्वदेशी उत्पादनलाई बढावा दिन सके स्वदेशी उत्पादनमा थप वृद्धि हुने सम्भावना रहेको छ ।

३. कृषि क्षेत्र तथा स्थानीय स्रोत, साधन र सीपमा आधारित औद्योगिक उत्पादनमा जोड दिई औद्योगिक उपजको निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्न सकिने सम्भावना रहेको छ ।

४. यस प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाको उपस्थिति, निक्षेपको अवस्था र न्यून ब्याजदरले उद्योगमा लगानी गरी उत्पादन बढाउन तथा वित्तीय विस्तार गर्न सकिने सम्भावना रहेको छ ।

५. गण्डकी प्रदेश पर्यटकीय राजधानी हुनुका साथै यस प्रदेशमा थुप्रै पर्यटकीय गन्तव्य समेत रहेको हुँदा बढ्दो पर्यटनले माग गर्ने खाद्य सामाग्री र अन्य उत्पादनको मागलाई पूर्ति गर्न कृषि तथा कृषिमा आधारित उद्योगको विकासको राम्रो सम्भावना रहेको छ ।

# परिच्छेद ५

# सेवा क्षेत्र

गण्डकी प्रदेशको आर्थिक विकासमा सेवा क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ । यस प्रदेशको आर्थिक वर्ष २०८१/८२ को कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ५५.८ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । यस परिच्छेदमा गण्डकी प्रदेशमा पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट, वित्तीय सेवा, यातायात, शिक्षा, स्वास्थ्य लगायत समग्र सेवा क्षेत्रको स्थितिको विश्लेषण गर्नुको साथै ती क्षेत्रमा देखिएका समस्या, चुनौती र सम्भावना समेटिएका छन् ।

## ५.१ पर्यटन

आर्थिक वर्ष २०८१/८२ को प्रथम अर्धवार्षिक अवधिमा नमुना छनोटमा समेटिएका १० होटलमध्ये बन्दीपुर माउण्ट रिसोर्ट, तनहुँ र होटल ग्राण्ड पोखरा, कास्कीमा भइरहेको मर्मत कार्यले गर्दा शैया संख्या १.४ प्रतिशतले कमी आई १ लाख २९ हजार ६ सय रहेको छ । त्यस्तै, पर्यटन आगमन संख्यामा २ प्रतिशतले कमी आउँदा शैया विक्री संख्यामा समेत २.८ प्रतिशतले कमी आई ४३ हजार ५ सय १९ रहेको छ । होटलको क्षमता उपयोग ३३.५८ प्रतिशत रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो क्षमता ३४.०८ प्रतिशत रहेको थियो ।

**तालिका ५.१**
**पर्यटकको आगमन**

| विवरण | आ.व २०८०/८१ (साउन-पुस) | आ.व २०८१/८२ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| होटलको शैया संख्या | १३१,४०० | १२९,६०० | -१.४ |
| शैया बिक्री | ४४,७८२ | ४३,५१९ | -२.८ |
| **होटल अकुपेन्सी** | **३४.०८** | **३३.५८** | **-१.५** |
| बिदेशी पर्यटन आगमन संख्या | ४३,१८८ | ४२,३०८ | -२.० |
| प्रत्यक्ष रोजगारी संख्या | ४९२ | ४९८ | १.२ |

*स्रोत: अध्ययनमा समावेश गरिएका होटल तथा रिसोर्ट, पुस २०८१ ।*

### ५.१.१ हवाई सेवा

आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्म पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा २१ हवाई सेवा कम्पनीद्वारा ६,४७२ उडान भएको छ । गत वर्षको सोही अवधिको तुलनामा यो उडान ७.६ प्रतिशतले कमी हो । त्यसैगरी, अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा हवाई कम्पनीको सिट उपयोग बढ्नाले उडान भर्ने यात्रुको संख्या ०.९ प्रतिशतले वृद्धि भएको छ । साथै, हवाई कम्पनीको सिट उपयोग ८१.०६ प्रतिशत रहेको छ । समीक्षा अवधिमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट ४ वटा अन्तर्राष्ट्रिय उडान भई ११७ जना यात्रुले उडान भरेका छन् ।

**तालिका ५.२**
**हवाई सेवा**

| विवरण | आ.व २०८०/८१ (साउन-पुस) | आ.व २०८१/८२ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| **हवाई सेवा कम्पनी संख्या** | **२१** | **२१** | **०.०** |
| आन्तरिक | १९ | १८ | -५.३ |
| अन्तर्राष्ट्रिय | २ | ३ | ५०.० |
| **हवाई सेवा उडान संख्या (समग्र)** | **७००३** | **६४७२** | **-७.६** |
| आन्तरिक | ७००१ | ६४६८ | -७.६ |
| अन्तर्राष्ट्रिय | २ | ४ | १००.० |
| **हवाई सेवा कम्पनीको सिट क्षमता** | **३१४०३३** | **३०२९५३** | **-३.५** |
| आन्तरिक | ३१३७१३ | ३०२६८५ | -३.५ |
| अन्तर्राष्ट्रिय | ३२० | २६८ | -१६.३ |
| **हवाई सेवा कम्पनीको सिट उपयोग (समग्र)** | **२४३३००** | **२४५५७७** | **०.९** |
| आन्तरिक | २४३२०२ | २४५४६० | ०.९ |
| अन्तर्राष्ट्रिय | ९८ | ११७ | १९.४ |
| **हवाई सेवा कम्पनीको सिट उपयोग (प्रतिशत)** | **७७.४८** | **८१.०६** | **४.६** |
| आन्तरिक | ७७.५२ | ८१.०९ | ४.६ |
| अन्तर्राष्ट्रिय | ३०.६३ | ४३.६६ | ४२.६ |

*स्रोतः नेपाल नागरिक उड्डयन प्राधिकरण, पुस २०८१ ।*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा यस प्रदेशमा रहेका महानगर/नगरपालिकाबाट स्वीकृत घर/जग्गा रजिष्ट्रेशन संख्यामा १४.८९ प्रतिशतले ह्रास भई १३ हजार २ सय ६४ रहेको छ । पुराना भवनको अभिलेखीकरण, बढ्दो शहरीकरण, बैक वित्तीय संस्थाबाट कम व्याजदरमा घरकर्जा पाइएकोले घर निर्माण कार्यमा वृद्धि भएको हुँदा महानगर/नगरपालिकाबाट नक्सा पास संख्या ६२.५७ प्रतिशतले वृद्धि भई १ हजार १ सय ६४ रहेको छ । घर जग्गा रजिष्ट्रेशन वापतको राजस्व गत वर्षको तुलनामा ४.१४ प्रतिशतले वृद्धि भई रु. ८२ करोड १ लाख सङ्कलन भएको छ ।

**तालिका ५.३**
**सार्वजनिक निर्माण तथा रियलस्टेट**

| विवरण | २०८०/८१ (साउन-पुस) | २०८१/८२ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन संख्या | १५,५८५ | १३,२६४ | -१४.८९ |
| घर/भवन स्थायी नक्सा पास संख्या | ७१६ | १,१६४ | ६२.५७ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.दश लाखमा) | ७८७.५ | ८२०.१३ | ४.१४ |

*स्रोत : मालपोत कार्यालय तथा महानगरपालिका/नगरपालिका कार्यालय, पुस २०८१ ।*

## ५.३ वित्तीय सेवा

### ५.३.१ बैंकिङ्ग सेवा

(क) आ.व. २०८१/८२ को पुस मसान्तसम्ममा गण्डकी प्रदेशका ११ जिल्लामा ‘क’ ‘ख’ ‘ग’ र ‘घ’ वर्गका बैंक तथा वित्तीय संस्थाको शाखा गत वर्षको सोही अवधिको तुलनामा ०.४३ प्रतिशतले वृद्धि भई १,४०४ पुगेको छ । जसमध्ये वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लघुवित्तको शाखा संख्या क्रमशः ६०५, १८९, ३७ र ५७३ रहेको छ । बैंक तथा वित्तीय संस्थाको शाखा सञ्जाल कास्की जिल्लामा सबैभन्दा धेरै र मनाङ जिल्लामा सबैभन्दा कम रहेको छ । समीक्षा अवधिमा गण्डकी प्रदेशमा प्रति शाखा जनसंख्या १,७५७ रहेको छ । यस प्रदेशका ११ जिल्लामध्ये प्रति शाखा जनसंख्या सबैभन्दा बढी बाग्लुङमा २,३०८ र सबैभन्दा कम मनाङमा ३३३ रहेको छ ।


**तालिका ५.४**
**बैंक तथा वित्तीय संस्थाको जिल्लागत उपस्थिति**

| जिल्ला | वाणिज्य बैंक | विकास बैंक | वित्त कम्पनी | लघु वित्त वित्तीय संस्था | **जम्मा** | प्रतिशत | जनसंख्या | प्रति शाखा जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| कास्की | २०५ | ७७ | १९ | ७८ | **३७९** | २६.९९ | ६००,०५१ | १५८३ |
| स्याङ्जा | ४५ | २५ | २ | ५९ | **१३१** | ९.३३ | २५३,०२४ | १९३१ |
| तनहुँ | ७८ | २३ | १ | ८८ | **१९०** | १३.५३ | ३२१,१५३ | १६९० |
| गोरखा | ४४ | ६ | ४ | ६० | **११४** | ८.१२ | २५१,०२७ | २२०२ |
| लमजुङ | ४४ | ६ | २ | ५३ | **१०५** | ७.४८ | १५५,८५२ | १४८४ |
| मनाङ | ११ | – | – | ६ | **१७** | १.२१ | ५,६५८ | ३३३ |
| मुस्ताङ | १५ | १ | – | ७ | **२३** | १.६४ | १४,४५२ | ६२८ |
| पर्वत | २४ | ९ | – | ४९ | **८२** | ५.८४ | १३०,८८७ | १५९६ |
| बाग्लुङ | ४९ | ९ | १ | ४९ | **१०८** | ७.६९ | २४९,२११ | २३०८ |
| म्याग्दी | २१ | ९ | – | २४ | **५४** | ३.८५ | १०७,०३३ | १९८२ |
| नवलपुर | ६९ | २४ | ८ | १०० | **२०१** | १४.३२ | ३७८,०७९ | १८८१ |
| जम्मा | **६०५** | **१८९** | **३७** | **५७३** | **१४०४** | **१००** | **२४,६६,४२७** | **१७५७** |

*स्रोत : नेपाल राष्ट्र बैंक, २०८१ पुसमसान्त ।*

(ख) २०८० पुस मसान्तको तुलनामा २०८१ पुस मसान्तमा गण्डकी प्रदेशमा निक्षेप परिचालन ११.३५ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ५५ अर्ब ३८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निक्षेप २३.९८ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा कुल कर्जा लगानीमा ११.९७ प्रतिशतले वृद्धि भई रु. ३ खर्ब ४९ अर्ब ६३ करोड रहेको छ ।

**चार्ट ५.१**
**गण्डकी प्रदेशको निक्षेप तथा कर्जाको विवरण (रु. अर्बमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक, २०८१ पुसमसान्त ।*

**तालिका ५.५**
**गण्डकी प्रदेशको निक्षेप तथा कर्जाको विवरण**

| | २०८० पुस मसान्त | २०८१ पुस मसान्त | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| निक्षेप (रु. दश लाखमा) | ४,९८,७७८.७० | ५,५५,३८७.८१ | ११.३५ |
| कर्जा (रु. दश लाखमा) | ३,१२,२५०.०३ | ३,४९,६३२.८९ | ११.९७ |

*स्रोत: नेपाल राष्ट्र बैंक, २०८१ पुसमसान्त ।*

कुल कर्जा मध्ये कृषि क्षेत्रमा रु. २६ अर्ब २ करोड, औद्योगिक क्षेत्रमा रु. २८ अर्ब ६२ करोड, सेवा क्षेत्रमा रु.१ खर्ब १० अर्ब २० करोड र अन्य क्षेत्रमा (रियल स्टेट, शिक्षा, उपभोग लगायतका अन्य क्षेत्रमा) रु.१ खर्ब ८४ अर्ब ७७ करोड कर्जा प्रवाह भएको छ ।

**तालिका ५.६**
**जिल्लागत निक्षेप र कर्जा**

| जिल्ला | निक्षेप (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) | कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) |
|---|---|---|---|---|
| कास्की | ३०५,६९५.८१ | ५५.० | १९४,३५३.७१ | ५५.६ |
| स्याङ्जा | ४०,९१४.३९ | ७.४ | १८,८९०.५५ | ५.४ |
| तनहुँ | ४३,६८६.४९ | ७.९ | ३९,८७०.७० | ११.४ |
| गोरखा | २०,३४९.८० | ३.७ | ११,९७२.१४ | ३.४ |
| लमजुङ | १८,२४२.३४ | ३.३ | १२,९५२.३१ | ३.७ |
| मनाङ | १,४९७.३७ | ०.३ | ४४१.८० | ०.१ |
| मुस्ताङ | ७,४३८.९५ | १.३ | १,४२९.२९ | ०.४ |
| पर्वत | २१,४२३.६० | ३.९ | ७,६८३.४७ | २.२ |
| बाग्लुङ | ३७,४९६.५४ | ६.८ | १४,१४४.०७ | ४.० |
| म्याग्दी | १६,०८५.८९ | २.९ | ८,०१२.५४ | २.३ |
| नवलपरासी (पूर्व) | ४२,५५६.६३ | ७.७ | ३९,८८२.३१ | ११.४ |
| **जम्मा** | **५,५५,३८७.८१** | **१००.०** | **३,४९,६३२.८९** | **१००.०** |

*स्रोतः नेपाल राष्ट्र बैंक, २०८१ पुसमसान्त ।*

२०८१ पुस मसान्तसम्म गण्डकी प्रदेशमा निक्षेप रु.५ खर्ब ५५ अर्ब ३८ करोड परिचालन भएकोमा ५५ प्रतिशत कास्की जिल्लामा रहेको छ । गण्डकी प्रदेशमा कर्जा रु.३ खर्ब ४९ अर्ब ६३ करोड प्रवाह भएकोमा सबै भन्दा बढी कास्की जिल्लामा ५५.६ प्रतिशत प्रवाह भएको छ भने सबै भन्दा कम मनाङ जिल्लामा ०.१ प्रतिशत प्रवाह भएको छ ।

(ग) २०८१ पुस मसान्तमा निक्षेप खाताको संख्या ७ प्रतिशतले वृद्धि भई ६३ लाख ६५ हजार ३३५ पुगेको छ भने ऋण खाताको संख्यामा १८ प्रतिशतले वृद्धि भई २ लाख २७ हजार २८२ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप खाता १४.९ प्रतिशतले वृद्धि भएको थियो भने ऋण खाताको संख्या भने २१.५ प्रतिशतले ह्रास आएको थियो ।

(घ) आर्थिक वर्ष २०८१/८२ को समीक्षा अवधिमा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयको कार्यक्षेत्रभित्र रहेका राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल बैंक लिमिटेडस्थित ९ वटा नोटकोषमा रु. ८ अर्ब ३० करोड ६६ लाख तोडाचलान भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा रु. ७ अर्ब ३० करोड तोडाचलान भएको थियो ।

(ङ) २०८१ पुस मसान्तमा यस प्रदेशमा इन्टरनेट बैंकिङ्ग र मोबाइल बैंकिङ्ग प्रयोगकर्ता संख्या क्रमशः २ लाख ७३ हजार र २८ लाख ६ हजार पुगेको छ । साथै, एटिएम मेसिनको संख्या ६१६ पुगेको छ ।

**तालिका ५.७**
**वित्तीय उपकरण प्रयोगकर्ताको विवरण**

| | आ.व २०८०/८१ (साउन-पुस) | आ.व २०८१/८२ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| निक्षेप खाताको संख्या | ५९,४१,८२२ | ६३,६५,३३५ | ७ |
| ऋण खाताको संख्या | १,९१,९४१ | २,२७,२८२ | १८ |
| इन्टरनेट बैकिङ्ग | २,१८,७३८ | २,७३,७९९ | २५ |
| मोबाइल बैकिङ्ग | २६,१३,०६७ | २८,०६,१६६ | ७ |
| एटिएम संख्या | ५८८ | ६१६ | ५ |

*स्रोतः नेपाल राष्ट्र बैंक, २०८१ पुसमसान्त ।*

(च) आर्थिक वर्ष २०८१/८२ को समीक्षा अवधिमा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट रु. १ अर्ब ९ करोड ७७ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा रु.८६ करोड

९५ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको थियो । कार्यालयमा प्राप्त कुल परिवर्त्य विदेशी मुद्रामध्ये अमेरिकी डलर १४.३९ प्रतिशत, युरो १८.४९ प्रतिशत र अन्य मुद्रा ६७.१२ प्रतिशत रहेको छ ।

(छ) समीक्षा अवधिमा नेपाल राष्ट्र बैंक पोखरा कार्यालयबाट रु.४ करोड ६६ लाख बराबरको भारतीय मुद्रा बिक्री भएको छ । यो रकम गतवर्षको सोही अवधिको तुलनामा २७१.९४ प्रतिशतले बढी हो । त्यस्तै, समीक्षा अवधिमा रु.२८ लाख बराबरको भारतीय मुद्रा खरिद भएको छ ।

**तालिका ५.८**
**परिवर्त्य विदेशी मुद्रा खरिद विवरण**

(रु. करोडमा)

| विवरण | २०८०/८१ (साउन-पुस) | २०८१/८२ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| अमेरिकी डलर | १९.९१ | १५.८० | -२०.६ |
| युरो | ३९.७९ | २०.२९ | -४९ |
| अन्य मुद्रा | २७.२५ | ७३.६८ | १७०.४० |
| **जम्मा** | **८६.९५** | **१०९.७७** | **२६.२** |

*स्रोतः नेपाल राष्ट्र बैंक, २०८१ पुसमसान्त ।*

## ५.३.२ अन्य वित्तीय सेवा

आर्थिक वर्ष २०८०/८१ पुस मसान्तसम्ममा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयमार्फत विदेशी मुद्रा कारोवार गर्न इजाजतपत्रप्राप्त संस्थाको संख्या ११३ रहेकोमा समीक्षा अवधिमा यो संख्या ११० कायम रहेको छ । इजाजतपत्रप्राप्त संस्थामध्ये मनिचेन्जर ३५, होटल/रिसोर्ट २६, ट्राभल एजेन्सी १९, ट्रेकिङ्ग एजेन्सी २४ र अन्य ६ रहेका छन् ।

**तालिका ५.९**
**विदेशी मुद्रा सटही इजाजतपत्रप्राप्त संस्था**

| | आ.व. २०८०/८१ (पुस मसान्तसम्म | आ.व. २०८१/८२ (पुस मसान्तसम्म) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| मनिचेञ्जर | ३६ | ३५ | -२.८ |
| होटेल/रिसोर्ट | ३२ | २६ | -१८.८ |
| ट्राभल एजेन्सी | १४ | १९ | ३५.७ |
| ट्रेकिङ | २५ | २४ | -४.० |
| अन्य | ६ | ६ | ० |
| **जम्मा** | **११३** | **११०** | **-२.७** |

*स्रोतः नेपाल राष्ट्र बैंक, २०८१ पुसमसान्त ।*

## ५.४ यातायात सेवा

आ.व. २०८१/८२ को प्रथम अर्धवार्षिक अवधिमा गण्डकी प्रदेश अन्तर्गतका यातायात कार्यालयमा दर्ता भएका यातायातका साधनको संख्या ११,०६२ रहेको छ । दर्ता भएकामध्ये मोटरसाइकलको संख्या ९,५०१ र अन्य सवारी साधनको संख्या १,५६१ रहेको छ । गतवर्षको सोही अवधिको तुलनामा यातायातको साधनको संख्यामा ३२.६५ प्रतिशतले वृद्धि भएको छ । सो वृद्धिमध्ये मोटरसाइकलको संख्यामा २४.६४ प्रतिशत र अन्य यातायातको संख्यामा ११८.०२ प्रतिशतको वृद्धि रहेको छ । स्कुटर तथा विद्युतीय सवारी साधनको बढ्दो प्रयोग एवम् अन्तर प्रदेश नामसारीजस्ता कारणले गर्दा मोटरसाइकल तथा अन्य सवारी साधनको वृद्धिदर उच्च रहेको छ ।

**तालिका ५.१०**
**गण्डकी प्रदेशमा यातायात सेवा**

| विवरण | २०८०/८१ (साउन-पुस) | २०८१/८२ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| यातायातका साधनको कुल संख्या | ८,३३९ | ११,०६२ | ३२.६५ |
| मोटरसाईकल | ७,६२३ | ९,५०१ | २४.६४ |
| अन्य | ७१६ | १,५६१ | ११८.०२ |

*स्रोतः विभिन्न जिल्लाका यातायात व्यवस्था कार्यालय, पुस २०८१ ।*

## ५.५ सेवा क्षेत्र कर्जा

२०८१ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट यस प्रदेशको सेवा क्षेत्रमा प्रवाहित कर्जा गत वर्षको तुलनामा ८.६ प्रतिशतले वृद्धि भई रु. १ खर्ब १० अर्ब २० करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जामा १०.३ प्रतिशतले ह्रास आएको थियो । यस प्रदेशमा प्रवाहित कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाह गरिएको कर्जाको अंश ३१.५२ प्रतिशत रहेको छ । प्रदेशको कुल सेवा क्षेत्रमा प्रवाह गरिएको कर्जाको सबैभन्दा बढी हिस्सा कास्की जिल्लामा ६० प्रतिशत र सबै भन्दा कम मनाङ जिल्लामा ०.१ प्रतिशत छ ।

**तालिका ५.११**
**जिल्लागत सेवा क्षेत्र कर्जा**

*(रकम रु. दश लाखमा)*

| जिल्ला | २०८० पुस मसान्त | | २०८१ पुस मसान्त | | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | सेवा क्षेत्र कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) | सेवा क्षेत्र कर्जा (रु.दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) | |
| कास्की | ६२,९०१.८९ | ६२.० | ६६,१२९.७५ | ६०.० | ५.१ |
| स्याङ्जा | ४,६०७.९१ | ४.५ | ५,६५०.६७ | ५.१ | २२.६ |
| तनहुँ | १०,१४६.७० | १०.० | ११,१२९.६३ | १०.१ | ९.७ |
| गोरखा | ३,५८९.१९ | ३.५ | ३,९९०.३७ | ३.६ | ११.२ |
| लमजुङ | २,३६६.२९ | २.३ | २,९७०.६० | २.७ | २५.५ |
| मनाङ | १४७.०७ | ०.१ | १२२.९७ | ०.१ | -१६.४ |
| मुस्ताङ | २१७.४१ | ०.२ | ८३०.२१ | ०.८ | २८१.९ |
| पर्वत | १,९१४.३९ | १.९ | २,१३५.७१ | १.९ | ११.६ |
| बाग्लुङ | ३,६८०.६७ | ३.६ | ४,५५१.९७ | ४.१ | २३.७ |
| म्याग्दी | १,८३२.३६ | १.८ | १,९७३.८५ | १.८ | ७.७ |
| नवलपरासी (पूर्व) | १०,०४५.५२ | ९.९ | १०,७१४.४४ | ९.७ | ६.७ |
| **जम्मा** | **१०१,४४९.४०** | **१००.००** | **११०,२००.१७** | **१००.०** | **८.६** |

*स्रोतः नेपाल राष्ट्र बैंक, पुस २०८१ ।*

## ५.६ सहुलियतपूर्ण कर्जा

सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (तेस्रो संशोधन सहित), बमोजिम २०८१ पुस मसान्तसम्ममा गण्डकी प्रदेशमा कुल रु. ९ अर्ब ३६ करोड यस्तो कर्जा प्रवाह भएको छ । यस्तो कर्जा २०८० पुस मसान्तसम्ममा कुल रु. ५५ अर्ब २५ करोड प्रवाह भएको थियो । यस प्रदेशमा प्रवाहित कुल कर्जाको ४२.९ प्रतिशत कास्की जिल्लामा प्रवाह भएको छ भने सबैभन्दा कम मनाङ जिल्लामा ०.२ प्रतिशत प्रवाह भएको छ ।

**तालिका ५.१२**
**सहुलियतपूर्ण कर्जा**

*(रकम रु दश लाखमा)*

| जिल्ला | सहुलियतपूर्ण कर्जा | जिल्लागत हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| गोरखा | ५०५.८२ | ५.४ |
| मनाङ | २३.०३ | ०.२ |
| मुस्ताङ | १११.६३ | १.२ |
| म्याग्दी | ३१४.१८ | ३.४ |
| कास्की | ४,०१५.१० | ४२.९ |
| लमजुङ | ४६२.८० | ४.९ |
| तनहुँ | १,०९०.८८ | ११.६ |
| नवलपरासी (पूर्व) | १,५२१.१८ | १६.२ |
| स्याङ्जा | ६२८.०९ | ६.७ |
| पर्वत | २४६.०६ | २.६ |
| बाग्लुङ | ४४८.५३ | ४.८ |
| **जम्मा** | **९,३६७.३०** | **१००.०** |

*स्रोतः नेपाल राष्ट्र बैंक, २०८१ पुसमसान्त ।*

## ५.७ सहकारी

अध्ययनमा समावेश १० वटा वचत तथा ऋण सहकारी संस्थाको पूँजी २०८० पुस मसान्तको तुलनामा २०८१ पुस मसान्तमा २.६८ प्रतिशतले वृद्धि भई रु.५ अर्ब ४४ करोड २९ लाख पुगेको छ। उक्त अवधिमा संकलन भएको बचत ३.६४ प्रतिशतले वृद्धि भई रु.१७ अर्ब २० करोड ७१ लाख कायम रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत ०.६३ प्रतिशतले ह्रास आएको थियो । उपरोक्त सहकारी संस्थाबाट प्रवाहित कर्जा २०८० पुस मसान्तको तुलनामा २०८१ पुस मसान्तसम्ममा ३.१४ प्रतिशतले कमी आई रु.१६ अर्ब १४ करोड २५ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जामा ५.६७ प्रतिशतले कमी आएको थियो । अध्ययनमा समावेश गरिएका सहकारीका सदस्य १.०७ प्रतिशतले वृद्धि भई १ लाख ९३ हजार ४१६ पुगेको छ भने कर्मचारी सङ्ख्या ४ सय ४६ रहेको छ।

**तालिका ५.१३**
**सहकारी सेवा**

| विवरण | २०८० पुस मसान्त | २०८१ पुस मसान्त | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| कुल पूँजी (रु. दश लाखमा) | ५,३०१.०६ | ५४४२.९४ | २.६८ |
| कुल बचत (रु. दश लाखमा) | १६,६०२.९६ | १७,२०७.१३ | ३.६४ |
| कुल ऋण (रु. दश लाखमा) | १६,६६५.७४ | १६,१४२.५७ | -३.१४ |
| सदस्य संख्या | १९१,३६४ | १९३४१६ | १.०७ |
| कर्मचारी संख्या | ४५२ | ४४६ | -१.३३ |

*स्रोतः अध्ययनमा समावेश गरिएका सहकारी, पुस २०८१ ।*

## ५.८ सेवा क्षेत्रका चुनौती तथा सम्भावना

### ५.८.१ चुनौती

१. प्रादेशिकरुपमा पर्यटन आगमनको तथ्याङ्क थप व्यवस्थित बनाउने, लेक लाग्ने (High Altitude Sickness) र उच्च हिमाली क्षेत्रमा अचानकरुपमा मौसममा आउने प्रतिकुलतावाट पर्यटकलाई तत्काल उद्धार गर्ने कार्य तथा गुणस्तरीय सुचना प्रविधि र पर्यटकीय पूर्वाधारको निर्माण थप व्यवस्थित एवम् भरपर्दो बनाउने कार्य ।

२. यस प्रदेशमा रहेका बचत तथा ऋण सहकारी संस्थाको प्रभावकारी नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने कार्य ।

३. पोखरा अन्तर्राष्ट्रिय विमानस्थल अन्तर्राष्ट्रिय उडानसहित पूर्ण क्षमतामा संचालनमा ल्याउने र पृथ्वी राजमार्ग अर्न्तगत पोखरा-मुग्लिङ खण्डको स्तरोन्नति समय सीमाभित्रै सम्पन्न गर्ने कार्य ।

## ५.८.२ सम्भावना

१. नेपाल सरकारको आ.व. २०८१/८२ को बजेटले सोह्र लाख पर्यटक भित्र्याउने लक्ष्य सहित सातै प्रदेश समेटिने गरी टाकुरा पर्यटकीय गन्तव्य, इकोहिल स्टेशन, धार्मिक स्थलको दर्शन गर्न यातायात सेवाको सञ्चालन, प्रयोगविहीन विमानस्थललाई साहसिक पर्यटकीय खेलमा प्रयोग, जनकपुरलाई वेडिङ हव लगायतका कार्यक्रम समेटेकोले सोको कार्यान्वयनबाट गण्डकी प्रदेशमा पर्यटनको प्रचुर सम्भावना देखिन्छ ।

२. पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्णरुपमा सञ्चालन, पृथ्वी राजमार्ग अर्न्तगत पोखरा-मुग्लिङ खण्डको सडक स्तरोन्नतिको कार्य तथा उत्तर दक्षिण लोकमार्गको रुपमा रहेको कालीगण्डकी करिडोर समयमै सम्पन्न गर्न सकेमा यस क्षेत्रको आन्तरिक एवम् बाह्य पर्यटनको आगमनमा वृद्धि हुने सम्भावना देखिन्छ ।

३. यस प्रदेशको सबै स्थानीय तहमा बैक तथा वित्तीय संस्थाको पहुँच पुग्नुको साथै वित्तीय साक्षरतालाई प्रभावकारी बनाँउदै लगिएको हुँदा धेरैभन्दा धेरै जनसंख्यालाई वित्तीय पहुँचको दायरामा ल्याउन र विद्युतीय कारोवारमा आवद्ध गराउन सकिने सम्भावना देखिन्छ ।

# परिच्छेद ६

# पूर्वाधार र रोजगारी

यस परिच्छेदमा गण्डकी प्रदेश अन्तर्गत पर्ने राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति विवरण समावेश गरिएको छ । साथै, यस प्रदेशमा पूर्वाधार क्षेत्रमा भएका समस्या, चुनौती तथा सम्भावना तथा प्रदेशमा प्रधानमन्त्री रोजगार कार्यक्रमको स्थिति पनि विश्लेषण गरिएको छ ।

## ६.१ पूर्वाधार क्षेत्र

### ६.१.१ राष्ट्रिय गौरवका आयोजना

**(क) कालीगण्डकी करिडोर :** कुल ४९५ कि.मी. लम्बाई भएको उत्तर-दक्षिण (कालीगण्डकी करिडोर ) लोकमार्गलाई मालढुङ्गा-राम्दी-गैडाकोट खण्ड २९३ कि.मी. र जोमसोम-कोरला खण्ड २०२ कि.मी. गरी दुई भागमा विभाजन गरी निर्माण कार्य अघि बढाइएको छ । यस करिडोरको समीक्षा अवधिसम्म बेनी जोमसोम खण्डको भौतिक प्रगति करिब ८४ प्रतिशत र वित्तीय प्रगति करिब ८१ प्रतिशत रहेको छ । यस खण्डले हाल १ हजार १ सय ७८ जनालाई रोजगारी दिएको छ ।
त्यसैगरी, मालढुङ्गा-गौंडाकोट खण्डमा करिब ६८ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ भने वित्तीय प्रगति ६४ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८३/८४ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको उक्त आयोजनाको अनुमानित कुल लागत रु.२७.९ अर्ब रहेको छ । हाल यस आयोजनामा हर्मिचौर-मालढुङ्गा तथा राम्दी-रानीमहल सडकखण्डमा कालोपत्रे लगायत नाली निर्माण, पुल निर्माण गर्ने कार्य भइरहेको छ । यस आयोजनामा मुख्यरुपमा बजेट बिनियोजन तथा भुक्तानी, नदीजन्य सामग्री संकलनमा अवरोध, कालीगण्डकीको कटान तथा कमजोर धरातलका कारण अत्यधिक पहिरो, मुआब्जा सम्बन्धी समस्याले घर टहरा हटाउन नसक्नु आदि समस्या रहेका छन् । यस खण्डले हाल ९ सय ३१ जनालाई रोजगारी दिएको छ ।

**(ख) मध्य पहाडी (पुष्पलाल) लोकमार्ग:** यस आयोजना अर्न्तगत गण्डकी प्रदेशको गोरखा-लमजुङ खण्डमा पर्ने १०८ कि.मि. सडक खण्डको भौतिक प्रगति करिब ७८ प्रतिशत र वित्तीय प्रगति करिब ७२ प्रतिशत रहेको छ । हाल आयोजनामा Structural works, Gravel, Base, Blacktop Works and Bio Engineering Works जस्ता कार्य भइरहेको छ । लोकमार्गको निर्माण कार्य आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न गर्ने लक्ष्य राखिएतापनि रुख कटानी, जग्गा मुआब्जा, नदीजन्य निर्माण सामाग्रीको अभाव जस्ता समस्या रहेका छन् । हाल आयोजनाले ७०० जनालाई रोजगारी दिएको छ ।

सोही लोकमार्गको कास्की-पर्वत-बाग्लुङ खण्डमा पर्ने २५० कि.मि. सडक खण्डको भौतिक प्रगति करिब ६० प्रतिशत र वित्तीय प्रगति करिब ५५ प्रतिशत रहेको छ । यस खण्डमा सडक स्तरोन्नति, पुल निर्माण लगायतका कार्य भईरहेको छ भने भैंसे-जौबारीपुल खण्ड (३९ कि.मी) र अर्मलाकोट-कालीखोला-लामाचौर-जौबारीपुल (१३ कि.मी.) मा रेखाङ्कन विवाद भई निर्माण कार्यमा समस्या रहेको छ । यस खण्डले हाल ६ सय जनालाई रोजगारी दिएको छ ।

**(ग) बुढीगण्डकी जलविद्युत आयोजना** : गोरखा जिल्लामा १२०० मेगावाट क्षमताको जलाशययुक्त यस जलविद्युत आयोजनाको शुरु आर्थिक वर्ष २०६९/७० बाट भएको भएतापनि हालसम्म करिब १६.५५ प्रतिशतमात्र भौतिक प्रगति भएको छ भने करिव १०.८ प्रतिशत वित्तीय प्रगति भएको छ । निर्माण कार्य पूर्वतयारीका काम तथा मुआब्जा वितरणका कार्य समेत भइरहेको छ । यो आयोजनामा

निर्माणका लागि आवश्यक पर्ने वित्तीय स्रोत व्यवस्थापन, मुआब्जा निर्धारण तथा वितरण, प्रभावितको पुनर्वास तथा पुनर्स्थापना जस्ता समस्या रहेका छन् । यस खण्डले हाल ६ हजार जनालाई रोजगारी दिएको छ ।

(घ) **तनहुँ जलविद्युत आयोजनाः** तनहुँ जिल्लामा नेपाल विद्युत प्राधिकरणले कुल ५० करोड ५० लाख अमेरिकी डलर लागतमा निर्माण शुरु गरेको १४० मेगावाट क्षमताको जलाशययुक्त तनहुँ जलविद्युत आयोजनाको २०८१ पुस मसान्तसम्मको भौतिक प्रगति ६५ प्रतिशत र वित्तीय प्रगति ५२ प्रतिशत रहेको छ । हाल आयोजनाको प्याकेज १ अन्तर्गत बाँध निर्माण, प्याकेज २ अन्तर्गत पावरहाउस निर्माण र प्याकेज ३ अन्तर्गत प्रशारण लाईन निर्माण कार्य भइरहेको छ भने आयोजनाले जग्गाको मुआब्जा, प्राकृतिक विपद्, रुखकटान जस्ता समस्या भोगिरहेको छ । यस आयोजनाले कुल १०७५ जनालाई रोजगारी प्रदान गरेको छ ।

**बक्स ६ (क)**
**गण्डकी प्रदेशमा सञ्चालित राष्ट्रिय गौरवका आयोजना**

| क्र.सं. | आयोजनाको नाम | भौतिक प्रगति (प्रतिशतमा) | वित्तीय प्रगति (प्रतिशतमा) |
|---|---|---|---|
| १ | कालिगण्डकी करिडोर बेनी - जोमसोम | ८४ | ८१ |
| २ | कालिगण्डकी करिडोर मालढुंङ्गा - गैडाकोट | ६८ | ६४ |
| ४ | बुढिगण्डकी जलविद्युत आयोजना | १६.५५ | १०.८ |
| ५ | मध्यपहाडी (पुष्पलाल) लोकमार्ग कास्की - बाग्लुङ | ६० | ५५ |
| ६ | मध्यपहाडी (पुष्पलाल) लोकमार्ग गोरखा खण्ड | ७८ | ७२ |
| ७ | तनहुँ जलविद्युत लिमिटेड | ६५ | ५२ |

*स्रोतः सम्बन्धित आयोजना कार्यालय, गण्डकी प्रदेश ।*

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ६.२.१ चुनौती

१. सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यमा विभिन्न सरोकारवाला निकायबीच आपसी समन्वयमा निर्माण कार्य व्यवस्थित बनाई समयमै सम्पन्न गर्ने चुनौती छ ।

२. प्राकृतिक प्रकोप (बाढी, पहिरो) तथा भौगोलिक विकटताका कारण पूर्वाधार निर्माण कार्य ढिलाई हुनुका साथै अनुमानित लागतको तुलनामा यथार्थ खर्च उल्लेख्यरुपमा बढ्ने चुनौती छ ।

३. जलविद्युत उत्पादनको लागि पर्याप्त आर्थिक स्रोत तथा लगानीको अभाव रहनु र जग्गा अधिग्रहण तथा वातावरणीय प्रभावसम्बन्धी अध्ययन कार्य चुनौतीपूर्ण छ ।

४. गुणस्तरीय निर्माण सामग्रीका साथै स्थानीय तहको क्षेत्राधिकारमा रहेको नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता हुने कार्य चुनौतीपूर्ण छ ।

५. ग्रामीण क्षेत्रवाट सहरी क्षेत्रमा बसाइँसराइ बढ्नु तथा छरिएर रहेको ग्रामीण बस्तीमा आधारभूत पूर्वाधारको व्यवस्था गर्ने कार्य चुनौतीपूर्ण छ ।

### ६.२.२ सम्भावना

१. गण्डकी प्रदेशमा हाल १२०० मेगावाट बुढीगण्डकी जलविद्युत आयोजनासहित ३००० मेगावाट भन्दा धेरै क्षमताका आयोजना निर्माणाधीन अवस्थामा रहेको परिप्रेक्ष्यमा अन्तरदेशीय प्रसारण लाइनको निर्माण हुनु तथा नेपाल सरकार र भारत सरकार तथा बंगलादेश सरकारबीच नेपालवाट बिद्युत निर्यात गर्ने समझदारी हुनुले जलविद्युत क्षेत्रको विस्तारमा सम्भावना थपेको छ ।

२. मुस्ताङ जिल्लामा सौर्य तथा वायु ऊर्जाको प्रचुर सम्भावना भएकोले सोको विस्तृत अध्ययन गरी सौर्य तथा वायु ऊर्जा उत्पादन गर्न सकिने सम्भावना रहेको छ ।

३. पृथ्वी राजमार्गको मुग्लिङ्ग-पोखरा खण्डलाई ४ लेनमा स्तरोन्नति गर्न एशियाली विकास बैंकसँग ऋण सम्झौता भई निर्माण कार्य प्रारम्भ भइसकेको सन्दर्भमा उक्त कार्य सम्पन्न भएपछि यस क्षेत्रको समग्र विकासमा थप सहयोग पुग्ने सम्भावना रहेको छ ।

४. स्वच्छ ऊर्जाको बिकास र प्रयोगमा विश्वव्यापी लहर आउनु तथा गण्डकी प्रदेशमा नेपाल कै धेरै सौर्य तथा वायु ऊर्जा उत्पादनको सम्भावना रहेको छ ।

५. शहरीकरणसँगै नगरपालिकाको विस्तार हुनु तथा ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा बसाइँसराइ बढ्नुले प्रदेशमा सडक लगायतका पूर्वाधार विकासको सम्भावना रहेको छ ।

**बक्स ६ (ख)**

**गण्डकी प्रदेशका प्रमुख गौरव तथा रुपान्तरणकारी आयोजना**

| आयोजनाको नाम | शुरु मिति (आ. व.) | कुल लागत अनुमान | आ.व. २०८०/८१ सम्मको जम्मा बजेट | आ.व. २०८०/८१ सम्मको खर्च | हालसम्मको वित्तीय प्रगति (प्रतिशत) |
|---|---|---|---|---|---|
| **प्रदेश गौरवका आयोजना** | | | | | |
| प्रदेश सदरमुकाम पोखरा देखि स्थानीय तहका केन्द्र जोडने सडक निर्माण आयोजना | २०७६/७७ | ३ अर्ब ९१ करोड ७९ लाख | ५ अर्ब ६२ करोड २८ लाख | २ अर्ब ३७ करोड ४० लाख | ४२.२२ |
| मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाँउ आयोजना | २०७६/७७ | १ अर्ब १० करोड | ५३ करोड २३ लाख | ४२ करोड ४५ लाख | ७९.७५ |
| स्याउमा आत्मनिर्भर हुने आयोजना | २०७६/७७ | ५० करोड ६५ लाख | ४२ करोड ४३ लाख | २९ करोड ६७ लाख | ६९.९३ |
| नवलपुरको लोकाहाखोलामा प्रदेश स्तरीय औद्योगिक क्षेत्र निर्माण आयोजना | २०७८/७९ | नखुलेको | २ करोड ५ लाख | २३ लाख | ११.२६ |
| गण्डकी प्राविधिक प्रतिष्ठान स्थापना र सञ्चालन आयोजना | २०७८/७९ | १ अर्ब ८१ करोड ३९ लाख | १ अर्ब २ करोड २५ लाख | १२ करोड ५२ लाख | १२.२४ |
| प्रदेश क्रिकेट मैदान निर्माण आयोजना | २०७६/७७ | १ अर्ब ६३ करोड | ६० लाख | १९ लाख ५० हजार | ३२.५ |
| सुचना प्रविधि पार्क निर्माण आयोजना | २०७६/७७ | नखुलेको | ४१ करोड | ५२ लाख ५० हजार | १.२८ |
| **प्रदेश रुपान्तरणकारी आयोजना** | | | | | |
| पोखरा, डेडगाउँ, दुम्किबास त्रिवेणी सडक निर्माण आयोजना | २०७६/७७ | ४ अर्ब ४० करोड | ८१ करोड २२ लाख | ७५ करोड ५६ लाख | ९३.०३ |
| फेवाताल संरक्षण र सौन्दर्यीकरण आयोजना | २०७७/७८ | ४ अर्ब ९२ करोड | १ करोड ६५ लाख | १ करोड ५५ लाख | ९३.९२ |
| कास्की र तनहुँको बिचमा पर्ने तल्लो पुडिटार क्षेत्रमा प्रदेशस्तरीय औद्योगिक क्षेत्र निर्माण आयोजना | २०७८/७९ | ४ अर्ब | ४ करोड ९५ लाख | २२ लाख ७० हजार | ४.५८ |

*स्रोतः प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, पुस २०८१ ।*

## ६.३ रोजगारी

गण्डकी प्रदेश सरकारले सार्वजनिक गरेको *"गण्डकी प्रदेशको आर्थिक-सामाजिक विश्लेषण, २०७८"* अनुसार गण्डकी प्रदेशमा औसत बेरोजगारी दर ९ प्रतिशत रहेको देखिन्छ । प्रदेशको महिला बेरोजगारी ८.४ प्रतिशत र पुरुष बेरोजगारी ९.४ प्रतिशत रहेको देखिन्छ । त्यस्तै, उमेर समूहअनुसार १५-२४ बर्ष समूहको बेरोजगारी १८.९ प्रतिशत रहेको छ भने २५-३९ बर्ष समूह, ४०-६० बर्ष समूह र ६० बर्षभन्दा माथि उमेर समूहको बेरोजगारी क्रमशः ८.८ प्रतिशत, ५.३ प्रतिशत र १.२ प्रतिशत रहेको छ ।

गण्डकी प्रदेशबाट प्रकाशित आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार २०८० साल फागुनसम्ममा यस प्रदेशमा १८,३८२ वटा कम्पनी दर्ता भएका छन् भने ४० हजार ९३ जनाले रोजगारी पाउने अनुमान गरिएको छ ।

यस प्रदेशमा रहेका कुल ८५ स्थानीय तहमध्ये ७१ स्थानीय तहले आर्थिक वर्ष २०८०/८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरेका छन् । सो अन्तर्गत सञ्चालित १ हजार १ सय २ आयोजनामार्फत कुल १ हजार १७ व्यक्तिले औसतमा ६४ दिन रोजगारी पाएका छन् । यस कार्यक्रम अन्तर्गत गण्डकी प्रदेशमा कुल ६५ हजार ५० दिन रोजगारी पाएका छन् ।

**तालिका ६.१**

**प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारको विवरण**

| विवरण | आ.व.२०७८/७९ | आ.व.२०७९/८० | २०८०/८१ (फागुन मसान्तसम्म) |
|---|---|---|---|
| कार्यक्रम सञ्चालन गरेका स्थानीय तह | ८० | ८२ | ७० |
| आयोजना संख्या | १७१४ | १५७६ | १०१८ |
| रोजगारीमा संलग्न व्यक्तिको विवरण | १११९३ | ७४२४ | ७२१ |
| रोजगार औसत दिन | ७३ | ७६ | ५५.२४ |
| जम्मा रोजगार दिन | ८१५६५१ | ५६५५७५ | ३९८३१ |

*स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम ।*

## ६.४ रोजगारीका चुनौती र सम्भावना

### ६.४.१ चुनौती

१. स्थानीय तहमा रोजगारीको सिर्जना पर्याप्त हुन नसक्नु, उद्यमशीलताको विकास र स्वरोजगार प्रवर्द्धनको कमीले श्रम बजारलाई व्यवस्थित तुल्याउने कार्य चुनौतीपूर्ण रहेको छ ।

२. बैदेशिक रोजगारीको सीप र पुँजीलाई उत्पादनमा जोड्दै प्रदेशको समग्र बिकासमा लगाउने कार्य चुनौतीको रुपमा रहेको छ ।

३. समान प्रकृतिका कामको लागि स्वदेशको तुलनामा विदेशमा बढी पारिश्रमिक प्राप्त हुने भएकोले युवा वर्गलाई विदेश पलायन रोक्दै स्वदेशी श्रम बजारमा आकर्षित गर्ने कार्य चुनौतीको रुपमा रहेको छ ।

४. न्यून ज्यालादर, न्यून सेवा सुविधा र लैङ्गिकताका आधारमा ज्यालादरमा असमानता कायम हुनु, ग्रामीण भेगमा सक्रिय जनशक्तिको अभाव रहनु तथा रोजगारसँग सम्बन्धित सुचनाको पहुँचमा कमी रहनु जस्ता कारणले श्रम बजारलाई व्यवस्थित तुल्याउने कार्य चुनौतीपूर्ण रहेको छ ।

५. वैदेशिक रोजगारमा जाने नेपालीका लागि बजारको आवश्यकता अनुसारको सीप तथा दक्षताको विकास गर्ने कार्य चुनौतीको रुपमा रहेको छ ।

### ६.४.२ सम्भावना

१. नेपाल सरकारले पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिसकेको सन्दर्भमा यस प्रदेशमा पर्यटकीय पूर्वाधारको विकास र विस्तार गर्न सके पर्यटन क्षेत्रमा रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

२. कृषि तथा पशुपालन क्षेत्रमा आधुनिकीकरण गर्ने, उचित अनुदानको व्यवस्था गर्ने, बिमा दावीलाई प्रभावकारी वनाएर उद्यमशीलता र स्वरोजगार प्रवर्द्धन गर्न सक्ने सम्भावना रहेको छ ।

३. बैदेशिक रोजगारीबाट फर्केका जनशक्तिको सीप र पुँजीलाई उत्पादनशील क्षेत्रमा लगाउन सकिने सम्भावना रहेको छ ।

४. जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको यस प्रदेशमा जलविद्युत क्षेत्रमा रोजगारीको सम्भावना रहेको छ ।

५. विकास निर्माणका कार्यमा तदारुकताका साथ पुँजीगत खर्च गर्न सकेमा पूर्वाधारको क्षेत्रमा पनि रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

**बक्स ६ (ग)**

**गण्डकी प्रदेशमा जलविद्युतको अवस्था**

नेपालको अनुमानित जलविद्युत क्षमता ८३,००० मेगावाट रहेको छ *(ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको अध्ययन, २०११)* । आर्थिक रुपमा सम्भाव्य रहेको ४५,६१० मे.वा. मध्ये गण्डकी प्रदेशमा १४,९८१ मे.वा. जलविद्युतको उत्पादन सम्भावना रहेको छ । विद्युत विकास विभागको तथ्याङ्क अनुसार हाल गण्डकी प्रदेशमा ९७९.१३ मे.वा. क्षमताका ५२ वटा आयोजना सञ्चालनमा रहेका छन् । त्यस्तै, ३०८५.३४ मे.वा. क्षमताका ८६ वटा आयोजना निर्माणाधीन अवस्थामा रहेका छन् ।

**गण्डकी प्रदेशमा रहेका प्रमुख निर्माणाधीन जलविद्युत आयोजनाहरु**

| जलविद्युत आयोजनाको नाम | क्षमता (मे. वा) | लाइसेन्स जारी मिति | अवस्थित जिल्ला |
|---|---|---|---|
| बुढी गण्डकी जलविद्युत आयोजना | ३४१ | २०८०/९/५ | गोरखा |
| बुढी गण्डकी क जलविद्युत आयोजना | २६० | २०८०/९/२५ | गोरखा |
| कालीगण्डकी गर्ज जलविद्युत आयोजना | १६४ | २०७५/११/२७ | म्याग्दी |
| तनहुँ जलविद्युत आयोजना | १४० | २०७३/२/३ | तनहुँ |
| तल्लो मनाङ मस्याङदी जलविद्युत आयोजना | १३९.२ | २०७५/७/१८ | मनाङ |
| माथिल्लो मस्याङदी १ जलविद्युत आयोजना | १३८ | २०७५/९/१० | लमजुङ |
| मनाङ मस्याङदी जलविद्युत आयोजना | १३५ | २०७५/८/१ | मनाङ |
| बुढी गण्डकी क जलविद्युत आयोजना | १३० | २०८०/१०/८ | गोरखा |
| लान्द्रुक मोदी जलविद्युत आयोजना | ८६.५९ | २०७७/६/१ | कास्की |
| बुढी गण्डकी प्रोक खोला जलविद्युत आयोजना | ८१ | २०८१/९/२ | गोरखा |
| तिपल्याङ कालीगण्डकी जलविद्युत आयोजना | ५८ | २०७९/३/५ | म्याग्दी |
| म्याग्दी खोला जलविद्युत आयोजना | ५७.३ | २०७७/७/२५ | म्याग्दी |
| हिमचुली दोर्दी जलविद्युत आयोजना | ५७ | २०७९/१/२८ | लमजुङ |
| मध्य कालीगण्डकी जलविद्युत आयोजना | ५३.५३९ | २०७६/१/९ | म्याग्दी |
| माथिल्लो म्याग्दी १ जलविद्युत आयोजना | ५३.५ | २०७६/१०/२१ | म्याग्दी |
| मस्याङदी बेशी जलविद्युत आयोजना | ५० | २०७४/६/१ | लमजुङ |
| दाना खोला जलविद्युत आयोजना | ४९.९५ | २०८०/१/२१ | मनाङ |
| अप्पर राहुघाट जलविद्युत आयोजना | ४८.५ | २०७५/१२/११ | म्याग्दी |
| १० देखी ४५ मे वा सम्मका आयोजना (३४ वटा) | ८२२ | | विभिन्न जिल्ला |
| १० मे वा भन्दा साना आयोजना (३३ वटा) | १७७.४ | | विभिन्न जिल्ला |
| जम्मा निर्माणाधीन आयोजना (८६ वटा) | ३०८५.३४ | | |

*स्रोत: विद्युत विकास बिभाग, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय ।*

# परिच्छेद ७

# संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजना

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रमको संक्षिप्त विश्लेषण गरिएको छ । यस अर्न्तगत प्रदेश सरकारको बजेटको आकार, खर्चको वर्गीकरण, वित्तीय हस्तान्तरण र स्रोत परिचालनको स्थितिको विश्लेषण गरिएको छ ।

## ७.१ गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम

### ७.१.१ आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारको बजेट कार्यान्वयन स्थिति

आर्थिक वर्ष २०८१/८२ का लागि गण्डकी प्रदेश सरकारले कुल रु.३२ अर्ब ९७ करोड बजेट विनियोजन गरेकोमा गण्डकी प्रदेश आर्थिक मामिला मन्त्रालयका अनुसार २०८१ पुस मसान्तसम्म विनियोजित रकमको १९.३६ प्रतिशत अर्थात रु.६ अर्ब ३८ करोड खर्च भएको छ । अघिल्लो आर्थिक वर्ष २०८०/८१ को सोही अवधिमा विनियोजित बजेटको १६.६५ प्रतिशत खर्च भएको थियो ।


**तालिका ७.१**
**गण्डकी प्रदेश सरकारको खर्चको स्थिति**

*(रकम रु. करोड)*

| शीर्षक | विनियोजित रकम | | पुस मसान्तसम्मको यथार्थ स्थिति | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| **बजेट** | **३३४२.७२** | **३२९७.८५** | **५५६.५०** | **६३८.४७** | **१६.६५** | **१९.३६** |
| चालु खर्च | १२७३.६७ | १३१६.०५ | २७३.६४ | ३०६.३४ | २१.४८ | २३.२८ |
| पुँजीगत खर्च | २०१९.०५ | १९५१.८० | २८२.८६ | ३३२.१३ | १४.०१ | १७.०२ |
| वित्तीय व्यवस्था | ५० | ३० | ० | ० | ० | ० |

*स्रोत : आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश, पुस २०८१ ।*

**चार्ट ७.१**
**गण्डकी प्रदेश सरकारको बजेट विनियोजनको स्थिति (रु. करोडमा)**




*स्रोत : आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश, पुस २०८१ ।*

आर्थिक वर्ष २०८१/८२ मा चालु खर्चतर्फ विनियोजन भएको रु.१३ अर्ब १६ करोडमध्ये २३.२८ प्रतिशत (रु.३ अर्ब ६ करोड) खर्च भएको छ । अघिल्लो आर्थिक वर्ष चालु खर्च शीर्षकमा विनियोजित रकमको २१.४८ प्रतिशत खर्च भएको थियो । त्यसैगरी, पुँजीगत खर्चतर्फ विनियोजित रु.१९ अर्ब ५१ करोड मध्ये २०८१ पुस मसान्तसम्म १७.०२ प्रतिशत (रु.३ अर्ब ३२ करोड) खर्च भएको छ । अघिल्लो आर्थिक वर्ष पुँजीगत खर्च शीर्षकमा विनियोजित रकमको १४.०१ प्रतिशत खर्च भएको थियो ।

**तालिका ७.२**
**गण्डकी प्रदेश सरकारको स्रोत परिचालनको स्थिति**

*(रकम रु. करोड)*

| शीर्षक | विनियोजित रकम | | पुस मसान्तसम्मको यथार्थ स्थिति | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| **राजस्व** | **१०२७.२८** | **११९६.८७** | **५०५.०२** | **६४३.५** | **४९.१६** | **५३.७७** |
| **संघीय सरकारबाट प्राप्त अनुदान** | **१४१०.४०** | **१३०८.३६** | **३५४.७०** | **५०७.६२** | **२५.१५** | **३८.८०** |
| समानीकरण अनुदान | ७६२.२५ | ७६३.८८ | १९०.५६ | ३८१.९४ | २४.९९ | ५० |
| सःशर्त अनुदान | ४९४.१५ | ३५९.९३ | १२२.१४ | ६४.७८ | २४.७२ | १८ |
| विशेष अनुदान | ७० | ६५.५५ | ० | २१.६३ | ० | ३३ |
| समपूरक अनुदान | ८४ | ११९ | ० | ३९.२७ | ० | ३३ |
| राजस्व बाडफाँट प्राप्त | २३१.६२ | २९१.१३ | ९४.०३ | ९४.०२ | ४०.६० | ३२.२९ |


*स्रोत : आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश ।*

गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को प्रथम अर्धवार्षिक अवधिमा रु.६ अर्ब ४३ करोड राजस्व संकलन गरेको छ । आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सःशर्त, विशेष र समपुरक गरी कुल रु.१३ अर्ब ८ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०८१ पुस मसान्तसम्म ३८.८० प्रतिशत अर्थात् कुल रु.५ अर्ब ७ करोड अनुदान प्राप्त गरेको छ । त्यसैगरी, नेपाल सरकारबाट रु.२ अर्ब ९१ करोड राजस्व बाडफाँट प्राप्त गर्ने लक्ष्य राखेकोमा समीक्षा अवधिमा रु.९४ करोड प्राप्त गरेको छ ।

## ७.२ स्थानीय तहको बजेट तथा कार्यक्रम

गण्डकी प्रदेशमा ५८ गाउँपालिका, २६ नगरपालिका र १ महानगरपालिका गरी जम्मा ८५ स्थानीय तह छन् । आ.व. २०८१/८२ को प्रथम अर्धवार्षिक अवधिमा गण्डकी प्रदेशका पाँच ठूला स्थानीय तह (पोखरा महानगरपालिका, बाग्लुङ नगरपालिका, गोर्खा नगरपालिका, पुतलीबजार नगरपालिका र बेशीसहर नगरपालिका) ले चालु, पुँजीगत, वित्तीय व्यवस्था तथा अन्य खर्च गरी कुल रु.१२ अर्ब २४ करोड बजेट विनियोजन गरेकोमा २५.०९ प्रतिशत खर्च गरेका छन् । जसमध्ये चालु खर्च विनियोजित रकमको ३५.६ प्रतिशत, पूँजीगत खर्च १५.४ प्रतिशत र वित्तीय व्यवस्था खर्च ५७.५ प्रतिशत रहेको छ ।

**चार्ट ७.२**
**पाँच स्थानीय तहको बजेट विनियोजनको स्थिति (रु. करोडमा)**




*स्रोत: नगरपालिकाको तथ्याङ्क, पुस २०८१*

## ७.३ व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम

गण्डकी प्रदेश सरकारले कोभिड-१९ बाट प्रभावित पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रका उद्यम तथा व्यवसायको जीवन रक्षा गर्न निर्व्याजी कर्जा उपलब्ध गराउने उद्देश्यले व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ जारी गरी “व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम” ल्याइएको थियो । नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयमार्फत् सञ्चालनमा ल्याइएको उक्त कर्जा कार्यक्रममा १६ वाणिज्य बैंक र ४ विकास बैंक संलग्न रहेका थिए ।

कोभिड-१९ का कारण समस्यामा परेका उद्यम/व्यवसाय जोगाउन, टिकाउन निर्व्याजी कर्जा उपलब्ध गराउने उद्देश्यले नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयसँग सम्झौता भएका बैंक तथा वित्तीय संस्थाले पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रका व्यवसायलाई रु.५० हजार देखि रु.१५ लाखसम्म कर्जा प्रवाह गर्ने व्यवस्था रहेको थियो । उक्त कर्जामा बैंकले अघिल्लो त्रयमासमा प्रकाशित आधार दरमा अधिकतम ३ प्रतिशतसम्म थप गरी ब्याजदर कायम गर्नुपर्ने प्रावधान रहेको थियो । साथै, गण्डकी प्रदेश सरकारले त्रयमासिकरुपमा नेपाल राष्ट्र बैंकमार्फत कर्जाको ब्याज शोधभर्ना उपलब्ध गराउने र ऋणीले कर्जाको साँवामात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको थियो ।

**तालिका ७.३**
**२०८१ मंसिर मसान्तसम्मको जीवनरक्षा कर्जाको विवरण**


| क्र.सं. | कर्जाको शिर्षक | जम्मा लगानी रकम (रु.) | संख्या | लगानी रकम (प्रतिशत) |
|---|---|---|---|---|
| १ | लघु, घरेलु तथा साना उद्यम व्यवसाय कर्जा | ६५५,१८५,००० | ५७४ | ३६.१४ |
| २ | साना पर्यटन व्यवसाय कर्जा | ८१२,६२५,००० | ६६२ | ४४.८२ |
| ३ | साना यातायात व्यवसाय कर्जा | ९५,०३३,६७४ | १३१ | ५.२४ |
| ४ | साना सेवा व्यवसाय कर्जा | २५०,१३०,००० | २७१ | १३.८० |
| | **जम्मा** | **१,८१२,९७३,६७४** | **१६३८** | **१००** |

*स्रोत : व्यवसाय जीवन रक्षा कर्जा प्रवाह गर्ने बैंकहरु ।*

उक्त कार्यविधि बमोजिम नेपाल राष्ट्र बैंकसँग सम्झौता गरेका बैंक तथा वित्तीय संस्थाले गण्डकी प्रदेशका ११ जिल्लामा कर्जा प्रवाह गरेका थिए । सो सम्झौता बमोजिम प्रवाह भएको कुल कर्जा लगानी रकमका

आधारमा हेर्दा कास्की जिल्लामा सबैभन्दा बढी अर्थात् ४४.५० प्रतिशत र तनहुँ जिल्लामा १०.७० प्रतिशत लगानी रहेको थियो भने अन्य जिल्लामा १० प्रतिशतभन्दा कम लगानी रहेको थियो ।

**चार्ट ७.३**
**जिल्लागत रुपमा व्यवसाय जीवनरक्षा कर्जा लगानी रकम (प्रतिशतमा)**




*स्रोत : व्यवसाय जीवन रक्षा कर्जा प्रवाह गर्ने बैंकहरु, मंसिर २०८१ ।*

## ब्याज शोधभर्ना

आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ को दोस्रो त्रयमाससम्ममा बैंक तथा वित्तीय संस्थालाई रु.३३,३९,४६,४७५.२० (अक्षरेपि तेत्तिस करोड उनन्चालीस लाख छयालीस हजार चार सय पचहत्तर र पैसा बीस मात्र) ब्याज शोधभर्ना प्रदान गरिएको छ ।

**तालिका ७.४**
**व्यवसाय जीवन रक्षा कर्जाको ब्याज शोधभर्ना रकमको विवरण**

| क्र.स | आर्थिक वर्ष | ब्याज शोधभर्ना रकम ( रु.) |
|---|---|---|
| १ | २०७७/७८ | १,४६१,१३३.४७ |
| २ | २०७८/७९ | १३८,०८७,५२८.६३ |
| ३ | २०७९/८० | १३६,८६१,३९१.३३ |
| ४ | २०८०/८१ | ५४,६७८,५२८.४० |
| ५ | २०८१/८२ | २,८५७,८९३.३७ |
| **जम्मा** | | **३३३,९४६,४७५.२०** |

*स्रोत : व्यवसाय जीवन रक्षा कर्जा प्रवाह गर्ने बैंकहरु ।*

# परिच्छेद ८

# आर्थिक परिदृश्य

यस परिच्छेदमा गण्डकी प्रदेशका कृषि, उद्योग तथा सेवा क्षेत्रका तथ्याङ्क प्रदायक संस्थाका प्रतिनिधिसँग गरिएको प्रश्नावली, सर्वेक्षण, छलफल तथा अन्तरक्रियाका आधारमा कृषि, उद्योग, सेवा तथा पूर्वाधार क्षेत्रको चालु आर्थिक वर्षको बाँकी अवधिको परिदृश्य प्रस्तुत गरिएको छ ।

## ८.१ कृषि उत्पादन

चालु आर्थिक वर्षमा मौसम अनुकुल हुने र कृषकले मल बिउ समयमा प्राप्त गर्ने अनुमानको आधारमा खाद्यान्न कृषि, फलफुल तथा तरकारी उत्पादन थप सकारात्मक हुने देखिएको छ ।

१. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले बजेटमार्फत पशुपालक कृषकलाई अनुदान बढाएको, गोठ सुधार कार्यक्रम, नश्ल सुधारजस्ता विविध कार्यक्रम सञ्चालनमा ल्याएको हुँदा सकारात्मक प्रभाव परी दुध उत्पादन १०-१५ प्रतिशतसम्म बढ्ने अनुमान गरिएको छ ।

२. अफ्रिकन स्वाइन फ्लुको प्रभावले बंगुरको मासु उत्पादनमा ह्रास आएतापनि पशुपालन क्षेत्रको विकासका लागि पकेट क्षेत्र घोषणा गरी पशुपालनलाई प्रोत्साहन गरिएको, व्यवसायिक कुखुरा तथा हाँस पालनमा समेत वृद्धि भएकोले समग्र मासुको उत्पादनमा १०-१५ प्रतिशतसम्म वृद्धि हुने अनुमान गरिएको छ ।

३. मौसम अनुकुल हुने र कृषकले मल बिउ समयमा प्राप्त गर्ने अनुमानका आधारमा गण्डकी प्रदेशको समग्र कृषि उत्पादन सकारात्मक हुने देखिएको छ । यस वर्ष धान, कोदो र आलुको उत्पादनमा वृद्धि हुने अनुमान रहेको छ । साथै, अध्ययन क्षेत्रका पहाडी जिल्लाका कृषि ज्ञान केन्द्रवाट प्राप्त जानकारी अनुसार बाँदर आतंकको कारणले मकै खेतीमा १५ प्रतिशतसम्म घट्ने र फलफुल तथा तरकारी उत्पादनमा कृषकको आकर्षण देखिएकाले गहुँको उत्पादनमा १० प्रतिशत घट्ने अनुमान गरिएको छ ।

४. बढ्दो बेमौसमी तरकारी खेती, प्लाष्टिक घरको विस्तार, मल, सिँचाई तथा उन्नत जातका बिउको सहज उपलब्धता साथै गैरसरकारी संस्थाहरूद्वारा समेत कृषकलाई तालिम, सचेतना र प्रोत्साहन गर्दै आएको हुँदा तरकारीको उत्पादन बढ्ने अनुमान गरिएको छ ।

५. फलफूल खेतीतर्फ बगैंचा सुदृढीकरण र क्षेत्रफल विस्तार भएको, पकेट क्षेत्र घोषणा गरी फलफुल उत्पादन गरिएको साथै मनाङ र मुस्ताङ्ग जिल्लामा स्याउका लागि अनुकूल मौसम रहेको, कृषि कर्जामा व्याज अनुदानका कारण फलफूल उत्पादनमा १२-१५ प्रतिशतसम्म वृद्धि हुने अनुमान गरिएको छ ।

६. जिल्ला वन कार्यालयहरूबाट प्राप्त तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ को बाँकी महिनामा आयोजना निर्माणका लागि रुख कटान र निजी नम्बरी आवादीबाट रुख कटान भई स्थानान्तरण इजाजत दिइएको कारणले काठ तथा दाउराको उत्पादनमा उल्लेख्य वृद्धि हुने अनुमान गरिएको छ ।

## ८.२ औद्योगिक उत्पादन

समीक्षा अवधिमा गण्डकी प्रदेशका उद्योगहरूको क्षमता उपयोग गत वर्षको सोही अवधिको तुलनामा घटेको भए तापनि आर्थिक वर्ष २०८१/८२ को बाँकी समयावधिमा उत्पादनको परिदृश्य सकारात्मक देखिएको छ ।

१. सरकारको पुँजीगत खर्चको वृद्धि तथा अर्थतन्त्रमा तरलता वृद्धि हुँदै गइरहेको र कर्जाको ब्याजदर समेत एकल अङ्कमा आएको हुँदा क्रमिक सुधारको संकेत देखिएको छ । निर्माण व्यवसायमा सुधार हुने तथा सिमेन्टको उत्पादनमा करिब २० प्रतिशतले र इट्टा उत्पादन करिब २५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।

२. औषधिको माग बढ्दै गएको परिप्रेक्ष्यमा आगामी अवधिमा औषधिको उत्पादन १० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।

३. गण्डकी प्रदेशका पहाडी जिल्लाको बढ्दो मागसँगै यस प्रदेशमा उत्पादन हुने चाउचाउ र बिस्कुटको उत्पादन करिब १५ प्रतिशतले र चकलेटको उत्पादन करिब १० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।

४. पेय समूह अन्तर्गत यस क्षेत्रमा रहेको पेय पदार्थको मागमा वृद्धि हुने देखिएकाले पेय पदार्थको उत्पादनमा १० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।

## ८.३ सेवा क्षेत्र

चालु आर्थिक वर्ष गण्डकी प्रदेशमा सेवा क्षेत्रको विस्तार सन्तोषजनक हुने अनुमान रहेको छ ।

१. पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको तथा गण्डकी प्रदेश सरकारले पोखरालाई पर्यटकीय राजधानी घोषणा गरेकोले समेत आगामी दिनमा पर्यटकको आगमनमा उत्साहप्रद वृद्धि भई विदेशी मुद्रा प्राप्तिमा थप सुधार हुने देखिन्छ ।

२. पृथ्वी राजमार्ग अर्न्तगत पोखरा-मुग्लिङ खण्डको सडक स्तरोन्नतीको कार्य तथा उत्तर दक्षिण लोकमार्गको रुपमा रहेको कालीगण्डकी करिडोरको कार्य तीव्रगतिमा भई निर्माण सम्पन्न हुने चरणमा रहेका छन् । ती सडकको निर्माण सम्पन्नसँगै आन्तरिक एवम् बाह्य पर्यटकको आगमनमा वृद्धि हुने देखिन्छ । त्यस्तै, मालसामान ढुवानीमा समेत सहजता आई लागत घट्न गई मुल्य नियन्त्रणमा समेत योगदान पुग्ने देखिन्छ ।

३. बैंकिङ क्षेत्रमा देखिएको उच्च तरलतासँगै ब्याजदरमा आएको कमीले यस प्रदेशमा कर्जाको माग बढ्ने अनुमान रहेको छ । विप्रेषण आम्दानीमा भएको उल्लेख्य वृद्धिले निक्षेपमा समेत थप वृद्धि हुँदै जाने देखिएको छ । उपरोक्त वमोजिमका सवल पक्षले गर्दा व्यापार व्यवसाय, निर्माण क्रियाकलापमा देखिएको सिथिलतामा कमी आई बैंक वित्तीय संस्थाको बढेको खराब कर्जाको व्यवस्थापनमा समेत सकारात्मक प्रभाव पर्ने अनुमान गरिएको छ । साथै, सहकारीमा देखिएको समस्याको कारण वचतकर्ताको वचत समयमै फिर्ता नहुने समस्या कायमै रहने देखिएतापनि सरकारी तवरबाट गरिएको पहलले गर्दा यस आ.व.को बाँकी अवधिसम्ममा केही सुधारको अपेक्षा राख्न सकिन्छ ।

## ८.४ पूर्वाधार क्षेत्र

१. वर्षायाम शुरु हुन लागेको तथा पूर्वाधार निर्माणको सन्दर्भमा बजेट समयमा प्राप्त नहुनु, मुआब्जा वितरणमा समस्या, निर्माण सामाग्रीको अभाव, रुख कटान, पहिरो, नदी कटान, दक्ष कामदारको अभाव जस्ता समस्या रहेकाले पूर्वाधार आयोजना सम्पन्न हुने समय र लागत बढ्ने अनुमान छ ।